(कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित)

# BHUGOL ENERGY DEVELOPMENT COMPANY LIMITED
# भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड

रजिष्ट्रार कार्यालय : का.म.न.पा वडा नं. १०, बानेश्वर, काठमाण्डौ ।
फोन नं. : ०१–४४१२७५६, ९८०२३४४७००
इमेल: energy.bhugole@gmail.com वेभसाईट : http://bedc.com.np

को

# विवरण-पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु. ५४,४०,५३,४००/-(अक्षरेपी चौउन्न करोड चालिस लाख त्रिपन्न हजार चार सय रुपैंया मात्र) को ३०% अर्थात् रु १६,३२,१६,०००/-(अक्षरेपी सोह्र करोड बत्तिस लाख सोह्र हजार मात्र) रकम बराबरको रु. १०० अंकित दरको १६,३२,१६० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये जारी पूँजीको १०% अर्थात रु ५,४४,०५,३००/-(अक्षरेपी पाँच करोड चौवालिस लाख पाँच हजार तीन सय रुपैया मात्र) रकम बराबरको रु. १०० अंकित दरको ५,४४,०५३ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरी बिक्री वितरण गरिने छ । कम्पनीको जारी पूँजीको २०% अर्थात रु. १०,८८,१०,७००/- (अक्षरेपी दश करोड अठासी लाख दश हजार सात सय रुपैया मात्र) रकम बराबरको रु.१०० अंकित दरका १०,८८,१०७ कित्ता शेयर मध्ये १,०८,८११ कित्ता साधारण शेयर (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको १० प्रतिशत) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई, २१,७६२ कित्ता कर्मचारीहरुलाई (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको २ प्रतिशत) र ५४,४०५ कित्ता (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको ५ प्रतिशत) सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रु. ९,०३,१२,९००/-(अक्षरेपी नौ करोड तीन लाख बाह्र हजार नौ सय रुपैया मात्र) रकम बराबरको रु.१०० अंकित दरका ९,०३,१२९ कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौथो संशोधन सहित) र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन, २०७९) को अधिनमा रही प्रारम्भिक सार्वजनिक निष्कासन गरिनेछ ।

| आयोजना प्रभावित क्षेत्र | छुट्टाइएको प्रतिशत | छुट्टाइएको शेयर संख्या | पुँजी रकम (रु) |
|---|---|---|---|
| अति प्रभावित क्षेत्र : नौमुले, द्वारी-३, दैलेख | ५० | २७२,०२६ | २,७२,०२,६०० |
| प्रभावित क्षेत्रः नौमुले, द्वारी-३, बाहेको अन्य दैलेख जिल्ला बासिन्दाहरुको लागि । | ५० | २७२,०२७ | २,७२,०२,७०० |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको ।**

**कम्पनीको विगत तथा आगामी तीन वर्षको नेटवर्थ सम्बन्धी विवरण ।**

| विवरण | वास्तविक (आ.व.) | | | प्रक्षेपित (आ.व.) | | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति शेयर आम्दानी रु. | (१२.८७) | (२१.४४) | ४२.५८ | ७.४० | ८.२० | ८.८२ |
| प्रति शेयर नेटवर्थ रु. | ६१.०१ | ३९.५७ | ६७.६३ | ८४.७५ | ९२.९५ | १०१.७७ |
| संचित नाफा/(नोक्सान) (रु.हजारमा) | (२५९,३२७) | (१४५,७३६) | (१२३,२६२) | (८२,९७५) | (३८,३७७) | ९,६३४ |

**विद्युत परियोजनाको नाम :** द्वारी खोला जलविद्युत आयोजना । **आयोजनाको कुल उत्पादन क्षमता :** ३.७५ मे.वा. ।

**प्रति मेगावाट लागत सम्बन्धी विवरण** : कम्पनीले प्रवर्धन गरिरहेको द्वारी खोला जलविद्युत आयोजनाको कुल लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु. १९,५१,९४,३४९/- रहेको छ ।

**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :** विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने अवधि मिति २०७१/०२/२६ देखि २१०६/०२/२५ गतेसम्म रहेको भएता पनि विद्युत विकास विभागबाट जारी विद्युत उत्पादन अनुमति पत्रमा तोकिएको समय अवधि बमोजिम अब जम्मा २५ वर्ष बाँकी रहेको छ

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण** : आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ८.२४ वर्ष र Discounted Pay Back Period २०.४१ वर्ष रहेको छ ।

**जलविद्युत आयोजनाको कुल लागत विवरण** : जलविद्युत आयोजनाको कुल लागत (Interest During Construction (IDC) सहित रु.७३,१९,७८,८०८/- रहेको छ ।

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्यन जनाउने हुँदा यस विवरणपत्रको **दफा ग ८ पृष्ठ नं. १७ र १८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

## क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR]B-"[Pronounced as ICRA NP issuer rating B Minus] रेटिङ्ग प्राप्त गरेको छ । "[ICRANP-IR]B-" ले कम्पनीको वित्तिय दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (High risk of default regarding timely servicing of financial obligations) रहेको भन्ने आधार जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउंछ र [ICRANP-IR] D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] B+ को स्थिती [ICRANP -IR] B- भन्दा एक चिन्ह माथि रहन्छ ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७९/१०/१० रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८०/१०/०९

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा कर्मचारीहरुलाई बिक्री वितरण गरेको शेयर सर्बसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति : २०७९/१०/१७**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७९/१०/१९**

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः**

| | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०७९/११/०८ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/११/२५ गते (बैकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०७९/१२/०७ गते (बैकिङ्ग समय पश्चात्) सम्म |

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः**

| | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०७९/११/०८ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/११/२५ गते (बैकिङ्ग समय पश्चात्) सम्म |

**संस्थापक तथा संचालकहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन ।**

**निष्काशन तथा बिक्री प्रबन्धक**

NIC ASIA CAPITAL

एन आई सी एशिया क्यापिटल लिमिटेड
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

## ख.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

**क) "विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

**ख) "धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक" भन्नाले** एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंलाई सम्झनु पर्दछ ।

**ग) "धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चरवा सामूहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋण पत्र, बचतपत्र वा बोण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकार पत्र समेतलाई जनाउँदछ ।

**घ) "संगठित संस्था/कम्पनी"** भन्नाले निष्कासनकर्ता कम्पनी भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौलाई सम्झनु पर्छ ।

**ङ) "संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासन (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका हकमा समेत) को लागि तयार गरिएको विवरण पत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

**च) "निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

**छ) "नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्छ ।

**ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्छ ।

**झ) "बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

**ञ) "स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात दैलेख जिल्ला द्वारी वडा नं. ३, नौमुले र दैलेख जिल्ला (अति प्रभावित क्षेत्र द्वारी वडा नं. ३) मा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

**ट) "वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

**ठ) "आधारभूत शेयरधनी"** भन्नाले कम्पनीको चुक्ता पूँजी २५ करोड भन्दा कम भएको हकमा ५ प्रतिशत र २५ करोड भन्दा बढी भएको हकमा १ प्रतिशत वा सो भन्दा बढी साधारण शेयर लिएको शेयरधनी सम्झनु पर्छ ।

**ड) "प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल सेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

**ढ) "प्रति शेयर आम्दानी"** भन्नाले कर पछिको नाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

**ण) "साधारण लगानी फिर्ता हुने अवधि"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

**त) "डिस्काउण्ट लगानी हुने अवधि"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित् प्रतिशत बट्टा दरद्वारा (Discount rate) वर्तमान मूल्यमा परिणत गरि आउने नगद प्रवाहबाट परियोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

**थ) "वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँछ ।

**द) "विप्रेषण (रेमिटयान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

## ख.२.विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

<table>
<tr><th>सि.नं.</th><th colspan="4">विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना</th></tr>
<tr><td>क.</td><td colspan="4">एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौं, नेपाल र वेवसाइट : www.nicasiacapital.com</td></tr>
<tr><td>ख.</td><td colspan="4">भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड, बानेश्वर १०, काठमाण्डौ र वेवसाइट : http://bedc.com.np</td></tr>
<tr><td>ग.</td><td colspan="4">नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np</td></tr>
<tr><td>सि.नं.</td><td colspan="4">दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान :</td></tr>
<tr><td rowspan="8">क.</td><td colspan="4">आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा:</td></tr>
<tr><td>संकलन केन्द्रको नाम</td><td>सम्पर्क व्यक्तिको नाम</td><td>सम्पर्क नम्बर</td><td>इमेल ठेगाना</td></tr>
<tr><td>आयोजना रहेको स्थान दैलेख जिल्ला द्वारी वडा नं. ३, नौमुले बजार ।</td><td>गिता अधिकारी</td><td>९८४३०६०४९३</td><td>gita.adhikari@nicasiacapital.com</td></tr>
<tr><td>एन आई सी एशिया बैंक लिमिटेड, शाखा कार्यालय, वडा नं. ०१, नयाँबजार, दैलेख ।</td><td>खगेन्द्र कटुवाल</td><td>९८०१९८२५६२</td><td>Khagendra.katuwal@nicasiabank.com</td></tr>
<tr><td>ग्लोवल आई एम ई बैंक लिमिटेड, शाखा कार्यालय, देवकोटा चोक, दैलेख ।</td><td>अरुण उपाध्याय</td><td>९८५८०४३९४४</td><td>arun.upadhyay@gibl.com.np</td></tr>
<tr><td>प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, देवेन्द्रचोक, नयाँबजार, दैलेख ।</td><td>निम बहादुर शाही</td><td>९८६६११२७०३</td><td>nimbahadur.shahi@prabhubank.com</td></tr>
<tr><td colspan="4">साथै स्थानीय बासिन्दाहरुले निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nicasiacapital.com मा गई अनलाईन मार्फत समेत आवेदन दिन सक्नेछन् ।</td></tr>
<tr><td colspan="4">आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत प्रति दरखास्त आवेदन फारम रु.२/- (अक्षेरेपी दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।</td></tr>
<tr><td>ख.</td><td colspan="4">सर्वसाधारण शेयरधनीहरुको हकमा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :<br>नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सी-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।</td></tr>
</table>

## ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**
हामीलाई निष्कासनकर्ता कम्पनी तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा उक्त कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरुप तोकिएको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.(क) संचालकको जिम्मेवारी तथा जवाफ देहीता सम्बन्धी :**
यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्कासन तथा बिक्री प्रबन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी :**
यस भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी :**
प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. २०७७/७८ सम्मको विवरणहरु पेश गरेको हुनाले मिति २०७८/१०/२० गतेसम्म कम्पनी अध्यावधिक रहेको जानकारी गराउँदछौं ।

**ग.२.(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(क) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस कम्पनीका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(ङ) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

(च) कम्पनी एन, २०६३ को दफा ८९ बमोजिम कम्पनीको सञ्चालकहरु कम्पनीको सञ्चालक हुन अयोग्य नरहेको ।

**ग.३.क.संगठित संस्थाको पृष्ठभूमि :**

(अ) **संस्थाको नाम :** भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड (Bhugol Energy Development Company Ltd.)

(आ) **संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(इ) **संस्थाको रजिष्टर्ड ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय बानेश्वर १०, काठमाण्डौमा रहेको छ । आवश्यक परेको खण्डमा सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

(ई) **जलविद्युत केन्द्र** : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र दैलेख जिल्लाको द्धारी वडा नं. ३, नौमुलेमा रहेको छ ।

(उ) **संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०६५/११/०५ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा **भूगोल इनर्जि डेभलपमेन्ट कम्पनीको नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई** कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले **मिति २०७४/०७/१४ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत** भई **भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटड**को नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो । कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

२. हाल यस कम्पनीमा ९८ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले दैलेख जिल्लाको द्धारी वडा नं. ३, नौमुले स्थित जलविद्युत आयोजनाबाट ३.७५ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७१/०२/२६ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो ।

४. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०६९ चैत्र ३० मा द्वारी खोला जलविद्युत आयोजना ३.७५ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७४ अषाढ १६ गते (तदनुसार जुन ३०, २०१७) रहेको थियो ।

५. कम्पनीले निर्माण गरेको द्धारी खोला जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०६९ चैत्र ३० मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । सम्झौता अनुरुप आयोजनाले मिति २०७४/०१/२३ देखि व्यवसायीक उत्पादन गरी राष्ट्रिय प्रशारण लाईनमा जडान गरी बिक्री गरिरहेहको छ ।

६. द्धारी खोला जलविद्युत आयोजना (३.७५ मे.वा.) को मिति २०७१/०२/२६ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७०/७१ वि.उ. १२४) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०६/०२/२५ गतेसम्म बहाल रहेको छ । तर नेपाल विद्युत प्राधिकरण संग भएको विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता पत्रमा आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिमत्रको अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ भन्ने व्यहोरा उल्लेख भएको हुँदा आयोजनाको बाँकी अवधि २५ वर्ष रहेको छ ।

७. यस द्धारी खोला जलविद्युत आयोजना निर्माण सम्पन्न हुँदा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु ७३,१९,७८,८०८/- रहेको थियो ।

८. कम्पनीले दैलेख जिल्लाको नौमुले वडा नं. ३ मा ३.७५ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई मिति २०७४ साल बैशाख २३ गते देखि आयोजना संचालनमा आईसकेको छ ।

साथै आयोजनाबाट उत्पादन हुने विद्युत आपूर्ति हुने पावरहाउस देखि दैलेखमा रहेको नेपाल विद्युत प्राधिकरणको सबस्टेसन सम्मको १४.७ कि.मि. प्रसारण लाईन भुगलो इनर्जि डेभमलपमेण्ड कम्पनी लिमिटेडको आफ्नै लागतमा निर्माण गरेको थियो । उक्त प्रसारण लाईन निर्माण गर्दा भुगोल इनर्जि डेभलपमेण्ट कम्पनी लिमिटेडको कूल लागत रु.८,४७,५७,३३७/- लागेको र उक्त लागत रकमलाई कम्पनीको वित्तीय विवरणमा अमूर्त सम्पत्ति शीर्षक अन्तर्गत राखिएको छ । हाल उक्त प्रसारण लाईन भुगोल इनर्जि डेभलपमेण्ट कम्पनी लिमिटेड र अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेडले संयुक्त रुपमा प्रयोग गर्ने गरी दुई पक्षिय सम्झौता गरेको छन् । साथै दुवै वटा आयोजनाहरुको स्वीचयार्ड छुट्टाछुट्टै रहने छ ।

९. **आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः**

| | |
|---|---|
| **आयोजना स्थल:** | द्वारी-३, नौमुले दैलेख । |
| **श्रोत नदी** | द्वारी खोला । |
| **आयोजनाको किसिम** | रन अफ रिभर । |
| **डिजाइन डिस्चार्ज** | १.०६३ घन मिटर प्रति सेकेण्ड । |
| **उत्पादनहुने इनर्जि** | २०.७३ (GWh)। |
| **आयोजनाको उत्पादन क्षमता** | ३.७५ मेगावाट । |
| **ग्रस हेड** | ४५०.३ मिटर । |
| **डाइभर्सन बाँध** | लम्बाई ६ मिटर, उचाई २.५ मिटर । |
| **इन्टेक सट्रक्चर** | लम्बाई २.३० मिटर, चौडाई ०.५५ मिटर । |
| **अपरोच क्यानल** | लम्बाई १८० मिटर, चौडाई ०.८ मिटर, उचाई १.२५ मिटर । |
| **सेट्टलिङ्ग वेसिन** | २० मिटर लम्बाई, ३ मिटर चौडाई, १.५ मिटर उचाई । |
| **फोरबे** | ५ मिटर लम्बाई, ६.३० मिटर चौडाई, ४.६० मिटर उचाई । |
| **स्टील पेनस्टक पाईप** | लम्बाई ३४४० मिटर, व्यास ०.७६ मि.मि. । |
| **पावरहाउस** | लम्बाई १८ मिटर, चौडाई १२ मिटर, उचाई १० मिटर । |
| **टेलरेस** | लम्बाई ५० मिटर, चौडाई ०.७५ मिटर, उचाई १.२५ मिटर । |
| **टर्वाइन** | संख्या २, प्रति टर्वाइन आउटपुट २,१०० KW। |
| **जेनेरेटर** | २,२०६ KVA Per Unit (Two unit)। |
| **ट्रान्सफोरमर** | ४,८०० KVA Per Unit (One unit)। |
| **ट्रान्समिसन लाईन** | ३३ KV, १४.७० कि.मि.लम्बाई । |

**कम्पनीले विद्युत खरिद सम्झौता गर्दाको समयमा अनुमान गरिएको र आयोजना सम्पन्न हुँदा लागेको वास्ताविक लागत सम्बन्धी विवरण :**

| विद्युत खरिद सम्झौता गर्दाको समयमा गरिएको अनुमानित लागत रकम | आयोजना निर्माण सम्पन्न हुँदा लागेको वास्ताविक लागत रकम | आयोजनाको लागत बृद्धि हुनुको मुख्य कारणहरु |
|---|---|---|
| रु.५८,४५,७०,०००/- | रु.७३,१९,७८,८०८/- | (क) बैंक ब्याजदर बृद्धि हुनु ।<br>(ख) भौगोलिक विकटताको कारणले गर्दा अनुमानित कामदारको संख्या भन्दा बढी कामदारहरु परिचालन गर्नु परेकोले ।<br>(ग) श्रमिकहरुको ज्याला बृद्धि हुनु ।<br>(घ) भारतले ९ महिना भन्दा बढी समयसम्म अघोषित नाकाबन्दी गरेको कारणले गर्दा उक्त समयमा पेट्रोलियम पदार्थ महंगो मूल्यमा खरिद गर्नु परेको जस्ता विविध कारणले गर्दा अनुमानित लागत आयोजनाको निर्माण कार्य सम्पन्न हुँदा बढी लागत लागेको थियो । |

**कम्पनीको लगानी फिर्ता हुने अवधि तथा NPV र IRR गणना तालिका सम्बन्धी विवरण :**

आयोजनाको व्यापारीक उत्पादन शुरु हुने वर्षलाई आधार वर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ८.२४ वर्ष र Discounted Pay Back Period २०.४१ वर्ष र Internal Rate of Return १०.८७ प्रतिशत र Net Present Value (NPV) : रु.५,३१,३२,०००/- हुने अनुमान रहेको छ । नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको सत्ताईसौं वर्षको नगद प्रबाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रबाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

**Net Present Value (NPV)** तथा **Internal Rate of Return (IRR)** गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flow / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

**पूँजी लागत : १० प्रतिशत**

| वर्ष | आय | संचालन तथा व्यवस्थापन | ह्रासकट्टी + परिशोधन | कर अघिको आम्दानी | कर | कर पछिको आम्दानी | खुद नगद प्रवाह | कुल वर्तमान मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ५ | ७ | ८ | ९ | १० | १०% |
| | | | | ७=२-(३+५) | | | ५+९ | |
| ० | - | | | | | | (७३१,९७९) | (७३१,९७९) |
| १ | ५०,०२३ | ८,०७५ | २५,२४४ | १६,७०४ | - | १६,७०४ | ४१,९४८ | ३८,१३५ |
| २ | ४२,९०० | १३,१२७ | २४,०३९ | ५,७३४ | - | ५,७३४ | २९,७७२ | २४,६०५ |
| ३ | ११७,६७९ | ८,९९० | २३,९५० | ८४,७३८ | - | ८४,७३८ | १०८,६८८ | ८१,६५९ |
| ४ | ११७,६७९ | ९,०४२ | २३,८७९ | ८४,७५७ | - | ८४,७५७ | १०८,६३६ | ७४,२०० |
| ५ | ११७,६७९ | ९,१०० | २३,८२४ | ८४,७५५ | - | ८४,७५५ | १०८,५७८ | ६७,४१९ |
| ६ | ११७,६७९ | ९,१६४ | २३,७७९ | ८४,७३६ | ४,८७० | ७९,८६६ | १०३,६४५ | ५८,५०५ |
| ७ | ११७,६७९ | ९,२३३ | २३,७४४ | ८४,७०२ | ४,९५७ | ७९,७४५ | १०३,४८८ | ५३,१०६ |
| ८ | ११७,६७९ | ९,३०८ | २३,७१५ | ८४,६५५ | ५,४९७ | ७९,१५८ | १०२,८७३ | ४७,९९१ |
| ९ | ११७,६७९ | ९,३८९ | २३,६९३ | ८४,५९७ | ५,६६२ | ७८,९३४ | १०२,६२७ | ४३,५२४ |
| १० | ११७,६७९ | ९,४७६ | २३,६७५ | ८४,५२८ | ५,९२५ | ७८,६०२ | १०२,२७७ | ३९,४३२ |
| ११ | ११७,६७९ | ९,५६९ | २३,६६० | ८४,४४९ | १२,५६८ | ७१,८८१ | ९५,५४१ | ३३,४८७ |
| १२ | ११७,६७९ | २२,४५७ | २३,६४९ | ७१,५७२ | १०,८७० | ६०,७०२ | ८४,३५१ | २६,८७७ |
| १३ | ११७,६७९ | २२,५६२ | २३,६३९ | ७१,४७७ | ११,७२९ | ५९,७४७ | ८३,३८७ | २४,१५४ |
| १४ | ११७,६७९ | २२,६७४ | २३,६३२ | ७१,३७३ | १२,५६० | ५८,८१३ | ८२,४४५ | २१,७१० |
| १५ | ११७,६७९ | २२,७९१ | २३,६२६ | ७१,२६१ | १३,४४८ | ५७,८१३ | ८१,४३९ | १९,४९६ |
| १६ | ११७,६७९ | २२,९१६ | २३,६२१ | ७१,१४२ | १३,७९१ | ५७,३५१ | ८०,९७२ | १७,६२२ |
| १७ | ११७,६७९ | २३,०४६ | २३,६२१ | ७१,०११ | १३,८३० | ५७,१८१ | ८०,८०२ | १५,९८६ |
| १८ | ११७,६७९ | २३,१८३ | २३,६२१ | ७०,८७४ | १३,९०५ | ५६,९६९ | ८०,५९० | १४,४९५ |
| १९ | ११७,६७९ | २३,३२७ | २३,६२१ | ७०,७३० | १३,८७६ | ५६,८५३ | ८०,४७५ | १३,१५८ |
| २० | ११७,६७९ | २३,४७८ | २३,६२१ | ७०,५७९ | १३,८४७ | ५६,७३२ | ८०,३५४ | ११,९४४ |
| २१ | ११७,६७९ | २३,६३६ | २३,६२१ | ७०,४२१ | १३,८१५ | ५६,६०६ | ८०,२२७ | १०,८४१ |
| २२ | ११७,६७९ | २३,८०१ | २३,६२१ | ७०,२५६ | १३,७८३ | ५६,४७३ | ८०,०९५ | ९,८३९ |
| २३ | ११७,६७९ | २३,९७३ | २३,६२१ | ७०,०८४ | १३,७४८ | ५६,३३५ | ७९,९५७ | ८,९२९ |
| २४ | ११७,६७९ | २४,१५३ | २३,६२१ | ६९,९०४ | १३,७१३ | ५६,१९२ | ७९,८१३ | ८,१०३ |
| २५ | ११७,६७९ | २४,३४० | २३,६२१ | ६९,७१७ | १३,६७५ | ५६,०४२ | ७९,६६३ | ७,३५३ |
| २६ | ११७,६७९ | २४,५३५ | २३,६२१ | ६९,५२२ | १३,६३६ | ५५,८८६ | ७९,५०७ | ६,६७१ |
| २७ | ११७,६७९ | २७,०९२ | २३,६२१ | ६६,९६६ | १३,६३६ | ५३,३२९ | ७६,९५१ | ५,८७० |
| २८ | ११७,६७९ | २७,०९२ | २३,६२१ | ६६,९६६ | १३,६३६ | ५३,३२९ | ७६,९५१ | ५,३३६ |
| २९ | ११७,६७९ | २७,०९२ | २३,६२१ | ६६,९६६ | १३,६३६ | ५३,३२९ | ७६,९५१ | ५,८५१ |
| ३० | ११७,६७९ | २७,०९२ | २३,६२१ | ६६,९६६ | १३,६३६ | ५३,३२९ | ७६,९५१ | ४,४१० |

| | |
|---|---|
| **आन्तरिक प्रतिफल गणना विधि तथा तरिका** | **१०.८७%** |
| **कूल वर्तमान मूल्य (रु. हजारमा)** | **५३,१३२** |
| B/C Ratio | **१.०७** |
| **साधारण लगानी फिर्ता हुने अवधि** | **८.२४** |
| **डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि** | **२०.४१** |

**१० कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

- विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस) वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधि मध्ये जुन घटी छ सो समय सम्म कायम रहनेछ ।
- कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।
- कन्ट्रयाक्ट इनर्जि ३.७५ मे.वा. को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटक सम्म मूल्य वृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| **अवधि-व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि)** | **सुख्खा याम- पौष देखि चैत्र सम्म (रु.प्रति युनिट)** | **वर्षा याम- बैशाख देखि मंसीर सम्म (रु.प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३औं महिना देखि २४ औं महिना सम्म | ४।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि सम्झौता अवधि सम्म | ९।६६ | ५।५२ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्य बृद्धि दिईनेछ :

(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्य बृद्धि दिईनेछ ।

(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्य बृद्धि दिईनेछ ।

(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्य बृद्धि दिईनेछ ।

(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा १ वटा मात्र मूल्य बृद्धि दिईनेछ ।

(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा मूल्य बृद्धि दिईने छैन ।

**आयोजनाबाट वर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:**

| | |
|---|---|
| सुख्खा याम (पौष देखि चैत्र सम्मको) कूलइनर्जि (kWh) | ३,९४०,६६९ |
| वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूलइनर्जि(kWh) | १६,७९१,१३६ |
| **जम्मा वार्षिक** (kWh) | **२०,७३१,८०५** |

**व्यापारिक उत्पादन सुरु भएदेखि हाल सम्मको आयोजनाबाट वर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन भएको विद्युत सम्बन्धी विवरणः**

| आर्थिक वर्ष | समय | उत्पादन हुनुपर्ने विद्युत शक्ति | वस्तविक उत्पादन भएको विद्युत शक्ति | उत्पादन भएको प्रतिशत | विद्युत कम उत्पादन हुनुको कारण |
|---|---|---|---|---|---|
| **२०७४/७५** | सुख्खा याम (पौष देखि चैत्र सम्मको) कूलइनर्जि (kWh) | ३,९४०,६६९ | ७८६,०९८.९३ | १९.९५ | कम्पनीले नेपाल विद्युत प्राधिकरणको दैलेख सवस्टेसन सम्म जडान गर्दा ३३ के.भि. प्रसारण लाईन मार्फत गरेको भएतापनि दैलेख सवस्टेसन देखि सुर्खेत सवस्टेसन सम्मको ४३ कि.मि. लामो प्रसारण लाइन ११ के.भि.को मात्र भएको हुँदा लाईनलसको प्रतिशत अत्याधिक बढी हुनु । |
| | वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूलइनर्जि (kWh) | १६,७९१,१३६ | १,८६०,०२४.१८ | ११.०८ | |
| | **जम्मा वार्षिक** (kWh) | **२०,७३१,८०५** | **२,६४६,१२३.११** | **१२.७६** | |
| **२०७५/७६** | सुख्खा याम (पौष देखि चैत्र सम्मको) कूलइनर्जि (kWh) | ३,९४०,६६९ | १,२६३,९६०.३७ | ३२.०७ | |
| | वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूलइनर्जि (kWh) | १६,७९१,१३६ | ६,२९९,२१५.७२ | ३७.५२ | |
| | **जम्मा वार्षिक** (kWh) | **२०,७३१,८०५** | **७,५६३,१७६.०९** | **३६.४८** | |
| **२०७६/७७** | सुख्खा याम (पौष देखि चैत्र सम्मको) कूलइनर्जि (kWh) | ३,९४०,६६९ | १,७१७,१८७.६१ | ४३.५८ | मिति २०७६/५/१२ गते एक्साइटर मा भोल्टेजमा आएको समस्यका कारण मिति २०७६/६/२६ गतेसम्म बन्द हुनु । कम्पनी तथा नेपाल विद्युत प्राधिकरण मिलेर ११ के.भि. प्रसारण लाईन लाई CTPT र Transformer Upgrade गरी ३३ के.भि. मा स्तरोन्नती गर्दा पनि लामो प्रसारण लाई भएको हुँदा लाईनलस प्रतिशत बढी रहेकोले । मिति २०७८ साल भाद्र २२ गतेदेखि पहिरोको कारण मिति २०७८ साल कार्तिक १६ गतेसम्म उत्पादन पूर्ण रुपमा बन्द हुनु । |
| | वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूलइनर्जि (kWh) | १६,७९१,१३६ | ७,६८९,९०१.३१ | ४५.८० | |
| | **जम्मा वार्षिक** (kWh) | **२०,७३१,८०५** | **९,४०७,०८८.९२** | **४५.३८** | |
| **२०७७/७८** | सुख्खा याम (पौष देखि चैत्र सम्मको) कूलइनर्जि (kWh) | ३,९४०,६६९ | ८४६,५२७.१९ | २१.४८ | |
| | वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूलइनर्जि (kWh) | १६,७९१,१३६ | ७,८८७,१८६.७० | ४६.९७ | |
| | **जम्मा वार्षिक** (kWh) | **२०,७३१,८०५** | **८,७३३,७१३.८९** | **४५.१३** | |
| **२०७८/७९** | सुख्खा याम (पौष देखि चैत्र सम्मको) कूलइनर्जि (kWh) | ३,९४०,६६९ | १,१६१,३२५.३४ | २९.४७ | |
| | वर्षा याम (वैशाख देखि मंसीर सम्मको) कूलइनर्जि (kWh) | १६,७९१,१३६ | ६,६०६,८७३.२८ | ३९.३५ | |
| | **जम्मा वार्षिक** (kWh) | **२०,७३१,८०५** | **७,७६८,१९८.६२** | **३७.४७** | |
| **नोटः हाल कोहलपुर जुम्ला १३२ के.भि. प्रसारण लाईन निर्माण भईरहेको र सुर्खेत-दैलेख प्रसारण लाईन समेत निर्माण भइरहेको हुँदा आगामी दिनमा उत्पादित विद्युत नियमित रुपमा भरपर्दो तरिकाले बिक्री वितरण गर्न सहज हुने हुँदा १३२ के.भि. प्रसारण लाईनको निर्माण पश्चात् लाईनलस प्रतिशत निकै कम हुने हुँदा आगामी दिनमा विद्युत बिक्री बाट प्राप्त हुने आम्दानी उल्लेखनिय बृद्धि हुने देखिन्छ ।** | | | | | |

○ **विद्युतखरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदाः**

कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ। काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकी व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।

साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनु पर्ने कार्यहरु समय भित्र पुरा गरी सक्नु पर्नेछ। समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नुपर्नेछ :

कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसारहिसाब गरिनेछ ।
हर्जाना रकम रु.०.०५X कन्ट्रयाक्ट इनर्जिको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने तर प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नुपर्ने रकमको पचास

प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि एथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

**विद्युत खरिद बिक्री**

**विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने**

प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जिको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जि खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।

कन्ट्रयाक्ट इनर्जि वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० ( असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।

क्षतिपूर्ति रकम रु.[०.८X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्याक्ट इनर्जि सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत सभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युतउर्जा खरीद दर, यसरी हिसाबगर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-**

(क) नेपाल राज्यभर बहने खोला नदि नालाबाट प्राविधिक सम्भावव्यता अध्ययनको आधारमा साना मझौला र ठूला आयोजना तथा परियोजना गराई विद्युत उत्पादन गर्ने र उक्त कार्यको लागि नेपाल सरकार वा सम्बन्धित निकायसँग समन्वय अनुमति वा ईजाजत प्राप्त गरी नेपाल सरकारका विभिन्न निकाय वा गैह्र सरकारी संस्था र स्वदेशी तथा विदेशी कम्पनी र व्यक्तीसँग सम्झौता गरी कार्य गर्ने ।

(ख) सरकारी अर्धसरकारी एवं निजि क्षेत्रलाई आवश्यक पर्ने इन्जिनियरिङ्ग तथा वातावरण सम्बन्धी योजना तर्जुमा, कार्यन्वयन तथा सुपरिवेक्षण नाप नक्साको ड्रइङ्ग डिजाइन तथा पूर्वाधार योजना सो सँग सम्बन्धित भौगोलिक सूचना प्रणालिको विकास आदिसँग सम्बन्धित विषयहरुमा राय सल्लाह परामर्श सेवाहरु उपलब्ध गराउने ।

(ग) सामान उद्देश्यहरु भएका कम्पनीहरुसँग मिल कार्य गर्ने ।

(घ) नेपाल राज्यभर बहने खोला नालाबाट प्राविधिक सम्भावव्यता अध्ययनको आधारमा साना मझौला र ठूला आयोजना गराई विधुत उत्पादन तथा वितरण गर्ने ।

**ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**ए) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :** दैलेख जिल्लामा रहेको द्वारी खोलाको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन, पेनस्टक पाइप, विद्युतगृह आदी संरचना रहेका छन । यो परियोजना Run of River मा आधारित जलविद्युत आयोजना हो । आयोजनाबाट ३.७५ मे.वा. विद्युत उत्पादन गर्न यस परियोजनामा Run of River प्रकारको जलविद्युत उत्पादनका लागि आवश्यक भौतिक संरचना तथा मेशिनरीहरुको प्रयोग गरिएको छ ।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** नेपाल विद्युत प्राधिकरण र यस कम्पनी बीच भएको सम्झौता अनुसार आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री वितरण गरिनेछ । साथै यस कम्पनीबाट उत्पादित विद्युतको लागि हालको बजार क्षेत्र नेपालभर रहेको छ भने भविष्यमा नेपाल विद्युत प्राधिकरणले उर्जा निर्यत गर्नको लागि सम्झौता सम्पन्न गरे बमोजिम हुनेछ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो उदेश्यसंग मेल खाने देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार हाललाई नेपाल भर रहनेछ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सोको उपभोग स्थिति :** द्वारी खोला साना जलविद्युत आयोजनाको उत्पादन क्षमता ३.७५ मेगावाट रहेको छ र उत्पादन हुने सबै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री वितरण गरिनेछ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** यस जल विद्युत आयोजनाको लागि दैलेख जिल्लाको द्वारी खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** गुण नियन्त्रणको लागि देहाय बमोजिमको व्यवस्था गरिएको छ :

क) आयोजनाको डिजाईन कार्यहरु जलविद्युत क्षेत्रमा उच्चतम विशेषज्ञता हासिल गरि २५ वर्ष भन्दा बढी कार्यगत प्राविधिक ज्ञान र अनुभव भएको विशेषज्ञहरुद्वारा गरिएको ।

ख) सिभिल निर्माण सम्बन्धी कार्यको गुण नियन्त्रणको लागि निर्माण क्षेत्रमा विशेषज्ञता र दशकौंको अनुभव भएको निर्माण कम्पनी मार्फत गरिएको ।

ग) सिभिल निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि निर्माण सामाग्री सम्बन्धी तथा निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि आयोजना स्थलमा प्रयोगशाला स्थापना गरि नियमित चेकजाँच गर्ने गरिनुका साथै आवश्यकता अनुसार काठमाडौंको विभिन्न प्रयोगशालामा Engineer/Specialist द्वारा चेकजाँच गर्ने व्यवस्था गरिएकोछ ।

घ) Hydromechanical कार्यका लागि विश्व कै ख्याति प्राप्त स्टील कम्पनीबाट स्टील आयात गरि जडान तथा निर्माण गरिएको ।

ङ) Electromechanical कार्य अन्तर्गत संसारको ख्याति प्राप्त बहुराष्ट्रिय कम्पनीबाट खरिद तथा आयात जडान गरिएको र उक्त Electromechanical equipment's को नियमित रुपमा चेकजाँच गर्ने व्यवस्था मिलाइएको छ ।

च) सिभिल, Hydromechanical तथा Electromechanical लगायतका कार्यहरु अन्तर्गत Quality Inspection को लागि गरिएको सम्झौताको प्रावधानहरुमा नै स्पष्ट रुपमा Third Party Inspection/Consultant नियुक्त गरी सोही अनुरुप अनुगमन तथा आवश्यक रुपमा गुणस्तर समेत Inspection भइरहेको छ ।

**(१) अनुसन्धान तथा विकास :** नयाँ आयोजनाहरुको अध्ययन, विश्लेषण एवं विकास कार्यको लागि कम्पनीले उपयुक्त जलस्रोतको खोजी गरिरहेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधानः**

(१) मिति २०७९ भाद्र ९ गते दिनको १ बजेदेखि Transformer समस्या आएको हुँदा आयोजना स्थलमै उक्त Transformer मर्फत गर्न नसक्ने भएको हुँदा रुपन्देही, बुटवलमा रहेको नेपाल हाइड्रो एण्ड इलेक्टीक लिमिटेड कम्पनीमा लगेर मर्मत गरी मिति २०७९ मंसिर ५ गते देखी पूनः संचालनमा आएको थियो ।

(२) यस भुगोल ईनर्जी डेभलपमेन्ट कम्पनी लि.ले निमार्ण सम्पन्न गरेको द्वारी खोला जलविद्युत आयोजना क्षेत्रमा मिति २०७८/०५/२२ गतेको पहिरोको कारण आयोजनाको पाइप लाइनमा क्षती प्लान्ट पूर्णरुपमा बन्द भएको र सम्पूर्ण मर्मत कार्य सम्पन्न भएपछि मिति २०७८/७/१७ गतेदेखि आयोजना पूर्ण रुपमा सञ्चालनमा आएको थियो । उक्त समयमा भएको क्षति निम्न बमोजिम क्षेतिपूर्ति दावी गरिएको छ ।

| इन्स्योरेन्स कम्पनीमा नाम | क्षती भएको रकम (रु.) | दाबी गरिएको रकम (रु.) | दाबी प्राप्त रकम ( रु.) | प्राप्त हुन बाँकी रकम (रु.) |
|---|---|---|---|---|
| एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | २३०,९७,१३९/- | २३०,९७,१३९/- | ९९,५८,४४०/- | १३१,३८,६९९/- |

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** नेपाल विद्युत प्राधिकरणको वार्षिक प्रतिवेदन बमोजिम नेपालमा आर्थिक वर्ष २०७७/७८ मा विद्युतको माग ८,९६०.३१ गिगावाट प्रति घण्टा रहेकोमा कुल उत्पादन जम्मा ६,१५४.५२ गिगावाट प्रति घण्टा उत्पादन गरिरहेको प्रतिवेदन प्रस्तुत गरेकाव छ । साथै आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन अनुसार पिक डिमाण्ड १११७९ गिगावाट प्रति घण्ट देखिन्छ भने आपूर्ति ११०६४ गिगावाट प्रति घण्टा रहेको देखिन्छ ।

यस भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड द्धारा प्रवधित द्वारी खोला साना जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ३.७५ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गर्नेछ । साथै संसार भर नै नविकरणीय उर्जाको ठूलो परिमाणमा माग भैरहेको हुँदा वर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नहुने र नेपाल तथा क्षेत्रीय बजारमा समेत बढ्दै गएको उर्जाको मागको कारणले नियमित रुपमा बजार बिस्तार समेत भईरहेको छ । जलविद्युत आयोजनाको लागी कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणसँग सम्झौता बमोजिम बिक्री गरिने हुँदा नेपाली लगानीकर्ताको लागी लाभदायक र उपयुक्त क्षेत्र रहेको छ । साथै वर्ष यममा नेपालमा उत्पादित विद्युत भारतिय बजारमा समेत सहज रुपमा निर्यात गर्न सकिने अवस्था रहेको हुँदा भविष्यमा समेत सहज रुपमा उत्पादित विद्युत बिक्री हुने देखिन्छ । साथै चालु आ.व.को वर्ष यममा भारतलाई विद्युत निर्यात गरेको तथा हाल सुख्खा याम सुरु भए पश्चात् नेपालमा उत्पादित विद्युतले माग धान्न नसक्दा भारतबाट आयत गर्ने गरेको देखिन्छ । जसले गर्दा समान किसिमका उद्योगहरु बीच यस कम्पनीको स्थिति समेत राम्रो रहेको देखिन्छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

क) आयोजनाको सिभिल कार्यका लागि माहागैरी घिमिरे सहयोगी देउराली जे.वि. सँग मिति २०७१/०९/१६ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भईसकेको छ ।

ख) आयोजनाको हाइड्रो मेकानिकलकार्यका लागि लुम्बिनी इन्जिनियरिङ्ग रविन जे.वी सँग मिति २०७१/१०/०१ मा ठेक्का सम्झौता भई निर्माण कार्य सम्पन्न भईसकेको छ ।

ग) आयोजनाको इलेक्ट्रोमेकानिकल कार्यका लागि एचपिपि ईनर्जी प्रा.लि., इन्डिया सँग मिति २०७०/०५/०५ मा ठेक्का सम्झौता भई निर्माण कार्य सम्पन्न भईसकेको छ ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(अ) संगठित संस्थाको स्थिर तथा अमूर्त सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

संगठित संस्थाको हालको स्थिर तथाअमुर्त सम्पत्तिको अवस्थातलउल्लेख गरिए बमोजिम रहेको छ र सम्पूर्ण सम्पत्तिचालु अवस्थमा रहेको छ ।

स्थिर सम्पत्ति रहेको स्थानतथाअवस्थाको विवरण

| सि.नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम रु.मा (आषाढ मसान्त, २०७९) | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १ | फर्निचर | ६४,४६० | कार्यालय तथाआयोजना स्थल | चालु अवस्थामा रहेको |
| २ | कार्यलय सामान | १४,१४२ | | |
| ३ | कम्पयूटर तथा सहायक उपकरणहरु | १२४,८४७ | | |
| ४ | अन्य सम्पत्तिहरु | २४५,२५५ | | |
| ५ | परिवाहन | १३०४१७३ | | |
| | **जम्मा रकम(रु.)** | **१,७५२,८७७** | | |

अमुर्त सम्पत्ति रहेको स्थानतथाअवस्थाको विवरण

| सि.नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम रु.मा (आषाढ मसान्त, २०७९) | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १. | जग्गा | ३७,६९३,७८६ | नौमुले, दैलेख । | चालु अवस्थामा रहेको |
| २. | सिविल वोर्कस | २४४,५३६,६२६ | | |
| ३. | मेटल वोर्कस | १३९,७८४,२६५ | | |
| ४. | प्लान्ट एण्ड मेसिनेरी | १४६,२३८,१२२ | | |
| ५. | इन्फ्रास्ट्रक्चर्स एण्ड एक्सेस रोड वोर्कस | ४४,३८१,२५९ | | |
| ६. | ट्रान्समिसन लाईन वोर्कस | ७०,७१४,४४७ | | |
| | **जम्मा** | **६८३,३४८,५०५** | | |

कम्पनीको आषाढ मसान्त, २०७९ सम्मको नेट र ग्रस मूल्यखुल्ने गरि स्थिर सम्पत्तिको रजिष्ट्रार निम्नअनुसार रहेको छ।

| **विवरण** | **फर्निचर** | **कार्यालय सामान** | **कम्पयूटर तथा सहायक उपकरणहरु** | **अन्य सम्पत्तिहरु** | **परिवाहन** |
|---|---|---|---|---|---|
| **१. लागत** | | | | | |
| **(क) २०७८/२०७९ को सुरु मौज्दात रकम रु.** | **८५,९४६** | **१८,८५६** | **१,१६,४६३** | **२,८८,५३६** | **१६,३०,२१६** |
| (ख) यस वर्षको थप | - | - | - | - | - |
| (ग) यस वर्ष पुर्नमुल्याकंन । पुर्नलेखन | - | - | - | - | - |
| (घ) यस वर्षको विक्री | - | - | - | - | - |
| (ङ) यस वर्षको अपलेखन | - | - | - | - | - |
| **कुल रकम रु.** | **८५,९४६** | **१८,८५६** | **१,१६,४६३** | **२,८८,५३६** | **१६,३०,२१६** |
| २. यस वर्ष (२०७८/७९) सम्मको कुलह्रास कट्टी रकम रु. | **२१४८७** | **४७१४** | **४१६१६** | **४३२८०** | **३,२६,०४३** |
| **३. बूकभ्यालु (WDV) २०७९ आषाढ मसान्त सम्म रकम रु.** | **६४,४६०** | **१४,१४२** | **१,२४,८४७** | **२,४५,२५५** | **१३,०४,१७३** |

कम्पनीको आषाढ मसान्त, २०७९ सम्मको नेट मूल्यखुल्ने गरि अमूर्त सम्पत्तिको रजिष्ट्रार निम्नअनुसार रहेको छ।

| विवरण | **३१ आषाढ, २०७९ (रकम रु. मा)** | **३१ आषाढ, २०७८ (रकम रु. मा)** |
|---|---|---|
| जग्गा | ३७,६९३,७८६ | ३९,०३९,९९३ |
| सिविल वोर्कस | २४४,५३६,६२६ | २५४,५१३,१७० |
| मेटल वोर्कस | १३९,७८४,२६५ | १४३,०२५,७४८ |
| प्लान्ट एण्ड मेसिनेरी | १४६,२३८,१२२ | १५१,७२२,०५१ |
| इन्फ्रास्ट्रक्चर्स एण्ड एक्सेस रोड वोर्कस | ४४,३८१,२५९ | ४६,०४५,५५८ |
| ट्रान्समिसन लाईन वोर्कस | ७०,७१४,४४७ | ७३,३६६,२३९ |
| **कुल** | **६८३,३४८,५०५** | **७०७,७१२,७५९** |

**(आ) बुँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)** : आफ्नै सम्पत्ती भएको र लिजमा नलिएको । तथापी उत्पादन अनुमतिपत्रको अवधि पश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको ।

**(इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सम्बन्धित सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको र कुनै लियनवा मोर्टगेज नभएको ।

**(ई) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसाबमा कायम गरिएको छ ।

**(उ) सम्पत्तिको मूल्याङ्कन गरिएको तरिका सम्बन्धी विवरण :**
पावर प्लान्ट संरचनाहरुमा विधुत ऐन, २०४९ बमोजिम ह्रासकट्टी गरी लेखामान अनुसार बाँकी रहेको सम्पत्तिहरुलाई पावर प्लान्ट संरचनाको रुपमा राखिएको छ र सोको पुर्नमूल्याङकन गरिएको छ। साथै आयोजनाको जग्गाको मूल्याङ्कन भ्यालुयटरको मिति २०७८ साल आषाढ ३१ गतेको मूल्याङ्कन अनुसार रु.४,०३,८६,२००/- रहेको छ।

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

**(ए) अन्य विवरणहरु** (लागु हुने हदसम्म) : सो नभएको ।

**ग.३.ग.भावी योजना तथा रणनीति :**

**(अ) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीतिः कम्पनीको भावी योजना तथा उद्देश्यकहरु निम्न बमोजिम रहेका छन् ।**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।

(२) नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण/विकास गर्ने ।

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने ।

(४) कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु प्राप्तिका लागि व्यावसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने ।

**कम्पनीको भावी योजना तथा उद्देश्यहरु प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

- कम्पनीले आफ्नो पूँजी तथा दायित्व समेतलाई विचार गरी आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा सम्भाव्य देखिएका अन्य जलविद्युत आयोजना कम्पनीहरुमा लगानी गर्न सकिने छ । यस कार्यका लागि आगामी आ.व. भित्र सम्भाव्य आयोजनाहरुको पहिचान गर्ने लक्ष्य लिएको छ ।
- नयाँ आयोजनाहरुको अध्ययन गर्ने र त्यसमा लगानी गर्न उपयुक्त भए नभएको निर्क्योल गर्ने ।
- लगानी गर्न उपयुक्त लागेका आयोजनामा लगानी गर्ने रणनीति अख्तियार गरिने छ ।
- लगानी सम्बन्धी निर्णय गर्दा लगानीको समुचित प्रतिफल प्राप्त गर्ने तर्फ विशेष ध्यान दिने रणनीति अख्तियार गरिनेछ।

**(आ) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यावसायको भविष्य :**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र सुख्खा यममा माग बमोजिमको विद्युतबाट आपूर्ति नभएको अवस्था देखिन्छ । हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय कामको रुपमा लिने गरेको पाईन्छ । साथै विद्युत उत्पादन हुनु अगावै नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता भए पश्चात् मात्र आयोजना निर्माण गरिने हुँदा यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहको देखिन्छ ।

प्रतिवेदन बमोजिम नेपालमा आर्थिक वर्ष २०७७/७८ मा विद्युतको माग ८,९६०.३१ गिगावाट प्रति घण्टा रहेकोमा कुल उत्पादन जम्मा ६,१५४.५२ गिगावाट प्रति घण्टा उत्पादन गरिरहेको प्रतिवेदन प्रस्तुत गरेकाव छ । साथै आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन अनुसार पिक डिमाण्ड ११,१७९ गिगावाट प्रति घण्ट देखिन्छ भने आपूर्ति ११,०६४ गिगावाट प्रति घण्टा रहेको देखिन्छ ।

सोही सन्दर्भमा यस कम्पनीले उत्पादन गरेको जलविद्युतले केहि मात्रामा सो कमीलाई पूर्ति गरिरहेको छ । यस कम्पनीले उत्पादन गरेको विद्युत राष्ट्रिय ग्रिड लाईनमा समेत जडान भइसकेको हुनाले दिर्घकाल सम्म यस कम्पनीले उत्पादन गरेको जलविद्युत पूर्ण रुपमा खपत हुने अवस्था रहेको छ । नेपालमा पनि विद्युतीय सामग्रीहरुको उयभोग गर्ने क्रम बढ्दै गईरहेकोले भविष्यमा विद्युतको माग बढ्ने सम्भावना रहेको हुनाले यस्ता आयोजनाहरुको भविष्य सुनिश्चित देखिन्छ । हालको अवस्थामा जलविद्युत आयोजनाहरुले उत्पादन गरेको विद्युत सुख्खा याममा मागभन्दा कम रहेको देखिन्छ भने वर्षा याममा नेपालमा खपत भन्दा बढी भएको विद्युत छिमेकी मुलुक भारतमा नेपाल विद्युत प्राधिकरण मार्फत बिक्री गरेको छ ।

**ग.३.घ.संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ जना संचालक सदस्य रहेको संचालक समिति रहने व्यवस्था छ । संचालक समितिमा संचालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरु (क समुह) बाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण शेयरधनीहरु (ख समुह) को प्रतिनिधित्व गरी निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र संचालक | १ (एक) जना |
| **जम्मा संचालक** | **७ (सात) जना** |

संचालक समितिको गठन कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ ।

संचालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ ।
यसकम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार संचालन हुनको लागि नम्न व्यवस्था रहेको छ ।

क) "क" समूहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा १,००० कित्ता शेयर लिएको हुनुपर्छ ।

ख) "ख" समूहका शेयरधनीहरुबाट संचालक समितिमा नियुक्त हुन कम्तीमा १,००० कित्ता शेयर लिएको हुनुपर्छ ।

तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सोमा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी :** यस कम्पनीको अधिकृत पूँजी रु.६०,००,००,०००/- (अक्षरेपी साठ्ठी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

- **जारी पूँजी** : यस कम्पनीको तत्काल जारी पूँजी रु.५४,४०,५३,४००/- (अक्षरेपी चौउन्न करोड चालिस लाख त्रिपन्न हजार चार सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/-का दरले ५४,४०,५३४ (चौउन्न लाख चालिस हजार पाँच सय चौतिस मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

- **चुक्ता पूँजी :** यस कम्पनीको संस्थापकहरुबाट चुक्ता भएको पूँजी रु.३८,०८,३७,४००/- (अक्षरेपी अठतीस करोड आठ लाख सैतीस हजार चार सय मात्र) रहेको छ जसलाई रु.१००/- का दरले ३८,०८,३७४ (अठतीस लाख आठ हजार तीन सय चौहत्तर मात्र) थान शेयरमा विभाजन गरिएको छ ।

  यस विवरणपत्र मार्फत सर्वसाधारणका निमित्त छुट्टाइएको रु.१६,३२,१६,०००/- (अक्षरेपी सोह्र करोड बत्तीस लाख सोह्र हजार मात्र) रकम बराबरको रु.१००/- अंकित दरको १६,३२,१६० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.५४,४०,५३,४००/- (अक्षरेपी चौउन्न करोड चालिस लाख त्रिपन्न हजार चार सय मात्र) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण :**

| **विवरण** | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** | **२०७८/७९** |
|---|---|---|---|---|
| अधिकृत पूँजी (रु.) | २५०,०००,००० | २५०,०००,००० | ६००,०००,००० | ६००,०००,००० |
| जारी पूँजी (रु.) | २५०,०००,००० | २५०,०००,००० | ५४४,०५३,४०० | ५४४,०५३,४०० |
| चुक्ता पूँजी (रु.) | २४१,१३९,५०० | २४१,१३९,५०० | ३८,०८,३७,४०० | ३८,०८,३७,४०० |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| **समूह** | **विवरण** | **साधारण शेयर संख्या** | **पूँजी संरचना** | **चुक्ता रकम रु.** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३,८०८,३७४ | ७०% | ३८०,८३७,४०० | शत् प्रतिशत भुक्तानी भएको |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी/स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपाली सहित) | १६,३२,१६० | ३० % | १६,३२,१६,००० | निष्काशन पश्चात् शत् प्रतिशत भुक्तानी हुने |
| **जम्मा** | | **५४,४०,५३४** | **१००%** | **५४,४०,५३,४००** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

**ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**क. संस्थापक/सञ्चालकको पृष्ठभूमिः**

(१) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभवर प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभूत शेयरधनीहरुको विवरण :**

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | प्रतिशत | शैक्षिक योग्यता | सम्बन्धीत व्यवसायमा अनुभव | अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री सौरभ अर्ज्याल, का.जि.का.म.न.पा.३४, काठमाण्डौ | अध्यक्ष | ३९ | नेपाली | १,४२,३९५ | ३.७४ | स्नातकोत्तर | (१) बुटवल पावर कम्पनी लिमिटेडमा सेप्टेम्बर १४, २०११ देखि डिसिम्बर ३१, २०११ सम्मा मानव संसाधन विभागमा कार्य सम्पादन गर्नु भएको ।<br>हालको विवरण:<br>संचालक-भूगोल इनर्जि डेभलपमेण्ट कम्पनी लिमिटेड | .१. टि मोबाइल रेडीङ क्यालीफोनीया, युएसए मा मानव संसाधन विभागमा कार्य गरेको (अगष्ट ८,२००९ देखी अक्टोबर २, २०१० सम्म)<br>२. प्रबन्धक : ग्लोबल सेलुलर सेलेरिस टेक्सास, युएसए (जुलाई २, २००८ देखी फेब्रुअरी ५,२००९ सम्म)<br>३. अनुसन्धान सहयोगी : हुडेक प्र.लि (मे १, २००३ देखी अप्रिल ३०,२००४ सम्म)<br>४. बिक्री र मार्केटिङ एसोसिएट : शहिद इन्टरप्रईज प्रा.लि. बेङ्गलोर, भारत (मार्च २ २००० देखी फेब्रुअरी २५,२००३ सम्म)<br>५. अनुसन्धान अधिकृत : सामाजिक परिचालन (गठबन्धन नेपाल) (जनवरी १०, २०११ देखी सेप्टेम्बर २०११ सम्म)<br>६. निर्देशक : निष्ठा सुविधा, हिमालयन रिसोर्ट्स र स्पा प्रा.लि. । |
| २ | श्री रुजा पन्त अर्ज्याल, का.जि.का.म.न.पा.३४, काठमाण्डौ | सञ्चालक | ३५ | नेपाली | १५०,००० | ३.९४ | स्नातकोत्तर | - | विगत ५ वर्ष देखि ट्रेडिङ्ग व्यवसायमा आवद्ध । |
| ३ | श्री राजेन्द्र प्रसाद गौतम, का.जि.का.म.न.पा.३४, काठमाण्डौ | सञ्चालक | ६६ | नेपाली | ६०,६२५ | १.५९ | स्नातक | विभिन्न कम्पनीहरुमा संचालक तथा अध्यक्षको पदमा रही कार्य सम्पादन गर्नु भएको ।<br>पूर्व संचालक :<br>मिडसोलु हाइड्रोपावर लि. | (१) नेपाल सरकार, अर्थ मन्त्रालयमा ३० वर्ष भन्दा बढी राजश्व अधिकृतको रुपमा कार्यअनुभव ।<br>(२) कृषि विकास बैंक लिमिटेडमा ६ वर्ष भन्दा बढीको कार्यअनुभव ।<br>(३) नेपाल विद्युत प्राधिकरणमा २ वर्षको कार्यअनुभव । |
| ४ | श्री मोहन विक्रम कार्की, थुम्पाखर ३, सि.पा.जी | संस्थापक शेयरधनी | ४७ | नेपाली | २२३,७५० | ५.८८ | आई.ए | जलविद्युत क्षेत्रमा आवद्ध रहेको । | हाल समाज सेवामा प्रत्यक्ष रुपमा आवद्ध रहनु भएको । |
| ५ | श्री प्रिती भट्टराई, का.जि.का.म.न.पा. ३३, काठमाण्डौ | संस्थापक शेयरधनी | ४५ | नेपाली | ६०,००० | १.५८ | एम.बि.ए. | - | विगत १५ वर्ष देखि बैंकिङ्ग क्षेत्रमा आवद्ध । |
| ६ | श्री अबल कोईराला, विराटनगर ५, मोरङ्ग | संस्थापक शेयरधनी | ४२ | नेपाली | ६०,००० | १.५८ | स्नातकोत्तर | - | विगत १० वर्ष देखि एन.जि.ओ.मा आवद्ध । |
| ७ | श्री यात्रा कोइराला गुरागाँई, विराटनगर ५, मोरङ्ग | संस्थापक शेयरधनी | ३८ | नेपाली | ७०,००० | १.८४ | एम.बि.ए. | - | विभिन्न व्यवसायमा संलग्न रहनु भएको । |
| ८ | श्री रञ्जन कुमार शर्मा, का.जि.का.म.न.पा. ९, काठमाण्डौ | सञ्चालक | ४२ | नेपाली | १३०,००० | ३.४१ | पाइलट | **पूर्वसंचालक:**<br>(क) दोल्ती पावर कम्पनी लि. ।<br>(ख) रेवाखोला ईनर्जी डेभलपमेण्ट प्रा.लि. ।<br>(३) मिड सोलु हाइड्रोपावर कम्पनी लि. । | हाल प्रमुख पाईलट तथा परिचालक निर्देशन बुद्ध एयर । |
| ९ | श्री विमला कुँवर, जाल्पादेवी १, अछाम | संस्थापक शेयरधनी | ३८ | नेपाली | ४०,००० | १.०५ | १०+२ | - | गृहिणी |
| १० | श्री श्याम सुन्दर खेतान, का.म.न.पा.२३,काठमाडौं | संस्थापक शेयरधनी | ५२ | नेपाली | १८०,००० | ४.७३ | स्नातकोत्तर | - | विभिन्न व्यवसायमा आवद्ध । |
| ११ | श्री श्रवण कुमार गोयल, का.म.न.पा. ९, काठमाण्डौ | संस्थापक शेयरधनी | ५२ | नेपाली | १८५,००० | ४.८६ | स्नातकोत्तर | - | विभिन्न व्यवसायमा आवद्ध । |
| १२ | श्री अनुराग गोयल, का.म.न.पा. ९, काठमाण्डौ | संस्थापक शेयरधनी | ३१ | नेपाली | ९२,५०० | २.४३ | स्नातकोत्तर | - | विभिन्न व्यवसायमा आवद्ध । |
| १३ | श्री चिराग गोयल, का.म.न.पा. ९, काठमाण्डौ | संस्थापक शेयरधनी | ३१ | नेपाली | ९२,५०० | २.४३ | स्नातकोत्तर | - | विभिन्न व्यवसायमा आवद्ध । |

| क्र.सं. | नाम/ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | प्रतिशत | शैक्षिक योग्यता | सम्बन्धीत व्यवसायमा अनुभव | अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | श्री जया कुमारी शर्मा अर्याल, का.म.न.पा.३४,काठमाण्डौ | संस्थापक शेयरधनी | ६१ | नेपाली | ६९८,४९० | १८.३४ | स्नातक | - | गृहिणी । |
| १५ | श्री मिरा गौतम, बिराटनगर ५, मोरङ्ग | संस्थापक शेयरधनी | ५९ | नेपाली | ६९८,४८९ | १८.३४ | एस्.ल.सि. | - | कृषि व्यवसायमा आवद्ध । |

सञ्चालकहरुको विवरण :

| क्र. सं. | नाम/ठेगाना | पद | प्रतिनिधित्व | राष्ट्रियता | उमेर | शेयर स्वामित्व | प्रतिशत | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित) जलविद्युत क्षेत्रमा | अनुभव (अन्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री सौरभ अर्ज्याल, का.जि.का. म.न.पा.३४, काठमाण्डौ | अध्यक्ष | संस्थापक समुह (क) | नेपाली | ३९ | १,४२,३९५ | ३.७४ | एम. वि. ए. (व्यवस्थापन) | (१) बुटवल पावर कम्पनी लिमिटेडमा सेप्टेम्बर १४, २०११ देखि डिसिम्बर ३१, २०११ सम्मा मानव संसाधन विभागमा कार्य सम्पादन गर्नु भएको । हालको विवरण: संचालक-भूगोल इनर्जि डेभलपमेण्ट कम्पनी लिमिटेड । | .१. टि मोबाइल रेडीङ क्यालीफोनीया, युएसए मा मानव संसाधन विभागमा कार्य गरेको (अगष्ट ८,२००९ देखी अक्टोबर २, २०१० सम्म) २. प्रबन्धक : ग्लोबल सेलुलर सेलेरिस टेक्सास, युएसए (जुलाई २, २००८ देखी फेब्रुअरी ५,२००९ सम्म) ३. अनुसन्धान सहयोगी : हुडेक प्र.लि (मे १, २००३ देखी अप्रिल ३०,२००४ सम्म) ४. बिक्री र मार्केटिङ एसोसिएट : शहिद इन्टरप्रईज प्रा.लि. बेङ्गलोर, भारत (मार्च २ २००० देखी फेब्रुअरी २५,२००३ सम्म) ५. अनुसन्धान अधिकृत : सामाजिक परिचालन (गठबन्धन नेपाल) (जनवरी १०, २०११ देखी सेप्टेम्बर २०११ सम्म) ६. निर्देशक : निस्ठा सुबिधा, हिमालयन रिसोर्ट्स र स्पा प्र.लि. । |
| २ | श्री राजेन्द्र प्रसाद गौतम, का.जि.का. म.न.पा.३४, काठमाण्डौ | संचालक | संस्थापक समुह (क) | नेपाली | ६६ | ६०,६२५ | १.५९ | स्नातक (व्यवस्थापन) | विभिन्न कम्पनीहरुमा संचालक तथा अध्यक्षको पदमा रही कार्य सम्पादन गर्नु भएको । पूर्व संचालक : मिडसोलु हाइड्रोपावर लि. | (१) नेपाल सरकार, अर्थ मन्त्रालयमा ३० वर्ष भन्दा बढी राजश्व अधिकृतको रुपमा कार्यअनुभव । (२) कृषि विकास बैंक लिमिटेडमा ६ वर्ष भन्दा बढीको कार्यअनुभव । (३) नेपाल विद्युत प्राविधिकरणमा २ वर्षको कार्यअनुभव । |
| ३ | श्रीमती संगिता शर्मा, नेपालगंज | संचालक | संस्थापक समुह (क) | नेपाली | ५९ | २५,००० | ०.६६ | वि.ए | जलविद्युत कम्पनीहरुमा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने गरेको | गृहणी तथा विगत लामो समय देखि समाज सेवामा आवद्ध । |
| ४ | श्री सन्तन कुमार अर्ज्याल, का.जि.का. म.न.पा. ३४, काठमाण्डौ | संचालक | संस्थापक समुह (क) | नेपाली | ७० | १०,००० | ०.२६ | एम.ई. (अर्थशास्त्र) | (ख) सन २०११ देखि विभिन्न हाइड्रोपावर कम्पनीहरुमा सल्लाहकारको रुपमा कार्य गर्दै आउनु भएको । | (क) हेल्भेटास नेपालमा सन् १९८९ फेब्रुअरी देखि २०१० डिसेम्बर ३१ सम्म बरिष्ठ क्षेत्रिय कार्यक्रम संयोजकको रही कर्या गर्नु भएको । |
| ५ | श्री रञ्जन कुमार शर्मा, का.जि.का. म.न.पा. ९, काठमाण्डौ | संचालक | संस्थापक समुह (क) | नेपाली | ४० | १३०,००० | ३.४१ | पाइलट | पूर्व संचालक : दोल्ती पावर कम्पनी प्रा.लि., | (क) क्यापटेन रोयल नेपाल बायुसेवा निगम (आरएनएसी) (१९८५ देखि १९९५ सम्मा) (ख) क्यापटेन/प्रशिक्षक : एभरेष्ट ऐयर (१९९५ देखि १९९७) (ग) सुरक्ष निर्देशन : बुद्ध एयर (२००८ देखि २०१८) हाल प्रमुख पाईलट तथा परिचालक निर्देशन बुद्ध एयर । |

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुले सम्म) :**

सो नभएको ।

**(३) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं. | नाम | सञ्चालकहरु आबद्ध रहेका कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण |
|---|---|---|
| १ | श्री सौरभ अर्ज्याल | संचालक : हिमालयन रिसोर्ट एण्ड स्पा प्रा.लि., नक्साल, काठमाण्डौ । संचालक : निस्ता फेसिलिटिज, बानेश्वर १०, काठमाण्डौ । |
| २ | श्री राजेन्द्र प्रसाद गौतम | संचालक : मिड सोली हाईड्रोपावर कम्पनी लि., नयाँ बानेश्वर, काठमाण्डौ । |

कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना भएको ।

**(४) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**
क) कम्पनीको कुनै शेयरधनीले संचालक समितिको पूर्व स्वीकृती नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी वाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

ख) आफ्नो नाममा रहेका शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीहरुले संचालक समितिमा लिखित रुपमा जानकारी गराउनुपर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर बिक्री गर्न लागेको भए आफूले बिक्री गर्न चाहेको शेयरको मुल्य र धितोबन्धक राख्न चाहेको भए धितोबन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितो बापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति खुलाउनु पर्नेछ ।

ग) “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक संगठीत संस्थाका कर्मचारी तथा आयोजना प्रभावित जिल्लाका स्थानीय बासिन्दा) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीनबर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ग.५.ख. संस्थापक/सञ्चालकसँगको कारोवार:**
**(अ) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सूविधा दिए वापत कम्पनीले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण:**
कम्पनीको सञ्चालकहरुको लागि सञ्चालक समितिको बैठक भत्ता, पारिश्रमिक, दैनिक भत्ता तथा अन्य कुनै सुविधा नरहेको । संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा कम्पनीले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैनन् ।

**(आ) बुँदा (अ) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** लागु नहुने ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :** यस कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७. क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:**
**(अ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण ।** साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

**उच्च व्यवस्थापकीय तहका कर्मचारी सम्बन्धी विवरण :**

| क्र.सं. | कर्मचारीको नाम | नियुक्ती मिति | पद | शैक्षिक योग्यता | अनुभव तथा हाल जिम्मेवारी | शेयर संख्या | अन्य संस्थामा लगानी (शेयर संख्या) |
|---|---|---|---|---|---|---|---|
| १ | श्री सुवर्ण खरेल | २०७९/०९/१५ | प्रबन्ध निर्देशक | वि.ए (अर्थशास्त्र) /एम ए | (क) विगत १० वर्ष देखि विभिन्न प्राइभेट कम्पनीहरुमा लेखा अधिकृतको रुपमा कार्य गरेको अनुभव ।<br>(ख) मिड सोलु हाईड्रोपावर कम्पनी लिमिटेडमा मिति २०७५ बैशाख १ गतेदेखि २०७७ साल चैत्र १५ गतेसम्म बरिष्ठ लेखा अधिकृतको रुपमा कार्य अनुभव ।<br>(ग) मिति २०७९ साल पौष १५ गतेदखि यस भुगोल इनर्जि डेभलपमेण्ट कम्पनीमा प्रबन्ध निर्देशकको रुपमा कार्यरत रहेको । | - | - |
| २ | प्रकाश कुमार मण्डल | २०७५/०४/०१ | परियोजना प्रबन्धक | B. Tech in Electrical Engineering | (क) सन् २०१५ देखि २०१८ सम्म न्यू एशियन कस्ट्रक्सन कम्पनी लिमिटेडमा प्रोजेक्ट म्यानेजरको रुपमा कार्य गरेको ।<br>(ख) सन् २०१९ देखि हाल सम्म यस भुगोल ईनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेडमा परियोजना प्रबन्धकको रुपमा आवद्ध रहनु भएको । | - | - |

**संगठित संस्थाका कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण :** सो नभएको ।

(आ) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्न भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण :** सो नभएको ।

(इ) **कर्मचारीको संख्याः स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्यः**

| क्र.सं. | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी | अन्य | कुलकर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ५ | १० | - | - | - | - | १५ |

**ग.७.ख. सञ्चालक एवम् उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

(अ) **सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार हुने व्यवस्था रहेको । हालसम्म साधारण सभाले उक्त सुविधा निर्धारण नगरेको ।

(आ) **संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र.स | कर्मचारीको नाम | पद | वार्षिक पारिश्रमीक | कैफियत |
|---|---|---|---|---|
| १ | सुवर्ण खरेल | प्रबन्ध निर्देशक | १,०३,२५०/- | १ महिना (आ.व. २०७९/८०) को मात्र । |
| २ | प्रकाश कुमार मण्डल | परियोजना प्रबन्धक | १०,३२,०००/- | आ.व. २०७८/७९ को मात्र । |

(इ) **कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नभएको

**ग.८. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :** संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने । संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** सो नरहेको ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** द्वारी खोलाको जलाधार क्षेत्रमा अप्रत्याशित रुपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन घट्न सक्ने ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य वृद्धि** (Cost Overrun) **को जोखिम :** आयोजना सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन गरिरहेको ।

(ङ) **विदेशी विनिमयको जोखिम :** विदेशी विनिमयको जोखिम नरहेको ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** आवश्यक सम्पूर्ण अनुमति वा इजाजत प्राप्त भैसकेको र आयोजना सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन गरिरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण** (Globalization) **का कारणबाट उत्पन्नहुन सक्ने जोखिम :**

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुन सक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव :** मिति २०६५/११/०५ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा भूगोल इनर्जि डेभलपमेन्ट कम्पनीको नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७४/०७/१४ मा पब्लिक लिमिटेड

कम्पनीमा परिणतमा भई भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनीको संचालन इतिहास करिव १२ वर्ष भन्दा बढीको रहेको छ ।

**(त्र) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**

- प्रविधि सम्बन्धी परिवर्तनबाट जलविद्युत कम्पनीको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले तोकिएको मापदण्ड अनुसारका उपकरणहरु खरिद गरिसकेको छ । जलविद्युत आयोजनाको लागि आवश्यक उपकरण जडान गरे पश्चात लामो समयसम्म संचालनमा रहने र यस्ता उपकरण सहित सम्पूर्ण संरचनाहरुको नै बीमा गरिने हुँदा, यी उपकरणहरुको पुनर्स्थापना गर्न सहज हुने भएकोले जलविद्युत आयोजनामा प्रविधि परिवर्तनबाट जोखिमको संभावना न्यून भएको ।

**(ट) अन्य :**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
- प्राकृतिक प्रकोपको तथा कावु बाहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**
कम्पनीले क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति तथा क्षमता विकास मा ध्यान पुऱ्याउनुको साथै अन्य यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं । सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ। उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादनहुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्था गरिएको छ। साथै विद्युत केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निम्न बमोजिम बीमा गरिएको छ।

| बीमा कम्पनीको नाम | जोखिमको किसिम | विमाङ्क रकम रु. | प्रिमियमको रकम रु. | प्रिमियमको रकम भुक्तानी मिति | बाहल रहने अवधि |
|---|---|---|---|---|---|
| एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | विभिन्न सामाग्रीहरुको अग्नी, हावा, भूमी, खस्ने वा भासिने सम्बन्धि, चट्याङ, बिस्फोटन, आकासीय, छोएर, लडेर वा लागेर, आतंकबाद, हुलदंगा तथा तोडफोड बिरुद्ध बीमा सुरक्षण | ५००,८४८,९६१.०० | १,०४७,०४७.३६ | ०६/०४/२०२२ | ०५/०४/२०२३ |
| एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | हाइड्रो मेक्यानिकल सामग्रीको मेसिनेरी ब्रेकडाउन बिरुद्ध बीमा सुरक्षण | १५,१७,२२,०५१.०० | १५,४३,०३५.८६ | ०६/०४/२०२२ | ०५/०४/२०२३ |
| एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | आयोजनाको सम्पत्तिको घाटा बिरुद्ध बीमा सुरक्षण | ७०,०००,०००.०० | ३४०,१५२.६० | ०६/०४/२०२२ | ०५/०४/२०२३ |

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :** रु.१०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**(अ) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.व. २०७८/७९ को लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

**वासलात (आषाढ ३२, २०७९)**

| **पूँजी तथा दायित्व** | **रकम रु. (हजारमा)** |
|---|---|
| शेयर पूँजी | ३८०,८३७ |
| जगेडा तथा कोषहरु | (१०१,९०१) |
| ऋणपत्र तथा बण्ड | - |
| ऋण तथा उधारो | ३७२,२८४ |
| चालु दायित्व ऋण तथा उधारो | २७४,७५५ |
| व्यापारिक तथा अन्य तिर्न बाँकी | २,४९९ |
| आयकर दायित्व | - |
| अन्य चालु दायित्व | - |
| कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्ने | ३,३१० |
| **कुल पूँजी तथा दायित्व** | **९३१,७८४** |
| **सम्पत्ति** | **रकम रु. (हजारमा)** |
| नगद, बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १,०१७ |
| अग्रिम भुक्तानि रकम र पेश्की | ५३,२७८ |
| व्यापार तथा अन्य प्राप्यहरु | १,९२,३८७ |
| लगानी | - |
| स्थिर सम्पत्ति तथा उपकरण | १,७५३ |
| अमुर्त सम्पत्ति | ६८३,३४९ |
| निर्माणाधिन पूजीगत सम्पत्ति | - |
| अन्य सम्पत्ति | - |
| **कुल सम्पत्ति** | **९३१,७८४** |

**नाफा-नोक्सान हिसाब (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९)**

| **विवरण** | **रु. (हजारमा)** |
|---|---|
| सञ्चालन आम्दानी | ४२,९०० |
| बिक्री लागत | - |
| अन्य आम्दानी | २२८,२१५ |
| सञ्चालन खर्च | १,२११ |
| प्रशासकीय खर्चहरु | ११,९१६ |
| ह्रास कट्टी (Depreciation) | ४३७ |
| परिषोधन (Amortization) | २३,६०१ |
| **सञ्चालन मुनाफा/नोक्सान** | **२३३,९४८** |
| ब्याज/वित्तिय खर्च | ६८,४६७ |
| **कर अघिको मुनाफा/नोक्सान** | **१६५,४८२** |
| कर व्यवस्था | - |
| कर्मचारी बोनश | ३,३१० |
| **खुद नाफा/नोक्सान** | १,६२,१७२ |
| **प्रति शेयर आम्दानी** (रु) | **४२.५८** |

**नगद प्रवाह विवरण (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९)**

| **विवरण** | **रु.(हजारमा)** |
|---|---|
| संचालन गतिविधिको नगद प्रवाह | |
| आयकर अगाडिको खुद नाफा र मुनाफा नोक्सानी | १,६२,१७२ |
| जोड्ने | - |
| १.ह्रास कट्टी (Depreciation) र परिषोधन (Amortization) | २४,०३८ |
| | |
| ३. विदेशी मुद्रा विनिमय नाफा (घाटा) | - |
| ४. ब्याज लागत | ६८,४६७ |
| **कार्यशिल पूँजीको परिवर्तन अघिको संचालन गतिविधिबाट नगद प्रवाह** | **२५४,६७७** |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह | |
| १. व्यापार तथा अन्य प्राप्यहरुमा भएको कमी/(बृद्धि) | (२,२०,०१२) |
| २.अन्य चालु सम्पत्ति कमी/(बृद्धि) | - |
| ३. दायित्व र प्रवधानहरुमा बृद्धि/(कमी) | (१,९६,८२२) |
| **क संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **(२,३१,४८७)** |
| लगानी गतिविधिबाट खुद नगद प्रवाह | |
| १. अमूर्त सम्पत्ति (थप)/घट | - |
| **ख लगानी गतिविधिबाट खुद नगद प्रवाह** | - |
| वित्तिय गतिविधिको नगद प्रवाह | |
| १. शेयर पूँजीको बृद्धि | १,३९,६९७ |
| २. जारी शेयरमा परिवर्तन | (१,३९,६९७) |
| ३. अन्य उधारो र भुक्तानीबाट आय | (१,६२,०१६) |
| ४. वित्तिय लागत | (६८,४६७) |
| **ग वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(२,३०,४८३)** |
| नगद तथा बैंक मौज्दातमा भएको कुल बृद्धि र कमी (क ख ग) | १,००४ |
| वर्षारम्भमा नगद तथा बैंक मौज्दात | १३ |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **१,०१७** |

**इक्वीटीमा भएको परिवर्तन (श्रावण १, २०७८ देखि आषाढ ३२, २०७९) रकम रु.(हजारमा)**

| **विवरण** | **शेयर पूँजी** | **जारी गर्ने शेयर** | **अन्य संचित मुनाफा** | **परिष्कृत आम्दानी** | **गैर नियन्त्रण ब्याज** | **जम्मा रकम** |
|---|---|---|---|---|---|---|
| २०७८ श्रावण १, मा भएको मौजदात | **२४१,१३९** | **१३९,६९८** | **२२,१२३** | **(२८५,४३३)** | **-** | **११७,५२७** |
| लेखानीतिमा परिवर्तन | **-** | **-** | **-** | **-** | **-** | **-** |
| **पुनः स्थापति श्रावण मसान्त, २०७८ सम्मको मौजदात** | **२४१,१३९** | **१३९,६९८** | **२२१२३** | **(२८५,४३३)** | **-** | **११७,५२७** |
| यस वर्षको नाफा | - | - | - | १६२,१७२ | - | १६२,१७२ |
| अन्य आय | - | - | - | - | - | - |
| परिषोधन पुनमूल्यांकन सम्पत्ती | - | - | (७६३) | - | - | (७६३) |
| जारी शेयर पूँजी | १३०,६९७ | (१३०,६९७) | - | - | - | - |
| लाभाशं रकम | - | - | - | - | - | - |
| २०७९ आषाढ मसान्तको मौजदात | **३८०,८३७** | | **२१,३६०** | **(१२३,२६२)** | **-** | **२७८,९३५** |

**लेखापरीक्षकले Qualified Opinion जारी गर्नुको मुख्य कारण :**

(क) कम्पनीको आ.व. २०७८/७९ को लेखापरीक्षकले Qualified Opinion जारी गर्नुको मुख्य कारण भनेको कम्पनीले ३० वर्षभित्र सम्पत्तिको Amortized गरेको छ। तर नेपाल विद्युत प्राविधिकरणसंग भएको विद्युत खरिद बिक्री सम्झौता बमोजिम आयोजनाको अवधि सम्झौता पत्र अनुसार व्यावसायिक संचालन मितिदेखि ३० वर्षसम्म वा जेनेरेश्न् इजाजतपत्र अनुसार जुन कम हुन्छ त्यो अवधिसम्म मान्य हुनेछ भन्ने व्यहोरा उल्लेख भएको हुँदा अमुर्त सम्पत्तिहरु ३३ वर्षको सट्टा ३० वर्षमा Amortize हुनुपर्ने ।

(ख) कम्पनीले श्रम ऐन, २०७४ बमोजिम कर्मचारीहरुलाई प्रदान गर्नुपर्ने उपदान तथा विदा नगदीकरण नगरेको । साथै सामजिक सुरक्ष ऐन, २०७५ को व्यवस्था समेत पालना नगरेको ।

**(आ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भएमा समष्टिकृत रुपमा) ।**

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ |
| शेयर पूँजी | २४१,१४० | २४१,१४० | ३,८०,८३७ |
| जगेडा तथा कोषहरु | (९४,०२९) | (१२३,६१३) | (१,०१,९०१) |
| ऋणपत्र तथा बण्ड | - | - | - |
| ऋण तथा उधारो | ५३९,१००.०० | ५३४,३०० | ३,७२,२८४ |
| चालु दायित्व ऋण तथा उधारो | २३,१११ | ३४,३२२ | २,७४,७५५ |
| व्यापारिक तथा अन्य तिर्न बाँकी | १४,६९३ | ४९,४२० | २,४९९ |
| आयकर दायित्व | - | - | - |
| अन्य चालु दायित्व | - | - | - |
| कर्मचारी बोनश | - | - | ३,३१० |
| **कुल पूँजी तथा दायित्व** | **७२४,०१४** | **७३५,५६९** | **९,३१,७८४** |
| **सम्पत्ति** | **वास्तविक (रु हजारमा)** | | |
| | **आ.व. २०७६/०७७** | **आ.व. २०७७/०७८** | **आ.व. २०७८/०७९** |
| नगद, बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३६ | १३ | १,०१७ |
| अग्रिम भुक्तानि रकम र पेश्की | ४०,३१४ | - | ५३,२७८ |
| व्यापार तथा अन्य प्राप्यहरु | ५,९४७ | २५,६५३ | १९२,३८७ |
| लगानी | - | - | |
| स्थिर सम्पत्ति | २,७३९ | ७०७,७१३ | १,७५३ |
| सम्पत्ति, पलान्ट तथा उपकरण | ६७४,९७८ | २,१९० | ६८३,३४९ |
| निर्माणाधिन पूजीगत सम्पत्ति | - | - | - |
| अन्य सम्पत्ति | - | - | - |
| **कुल सम्पत्ति** | **७२४,०१४** | **७३५,५६९** | **९३१,७८४** |

**नाफा नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | २०७८/०७९ |
| सञ्चालन आम्दानी | ५५,४८२ | ५०,०२३ | ४२,९०० |
| अन्य आम्दानी | - | - | २,२८,२१५ |
| **जम्मा आम्दानी** | **५५,४८२** | **५०,०२३** | **२,७१,११५** |
| **खर्चहरु** | | | |
| संचालन खर्चहरु | ७,५६८ | १,८४) | १,२११ |
| प्रशासकीय खर्चहरु | ४४१ | ६,२३३ | ११,९१६ |
| ह्रास कट्टी (Depreciation) | ६९० | ५४९ | ४३७ |
| परिषोधन (Amortization) | २२,९३५ | २४,६९५ | २३,६०१ |
| **सञ्चालन मुनाफा/नोक्सान** | **२३,८४८** | **१६,७०४** | **२३३,९४८** |
| ब्याज/वित्तिय खर्च | ५४,८७७ | ६८,४११ | ६८,४६७ |

| | | | |
|---|---|---|---|
| **कर अघिको मुनाफा/नोक्सान** | (३१,०२९) | (५१,७०७) | १६५,४८२ |
| कर व्यवस्था | - | - | - |
| कर्मचारी बोनश | - | - | ३,३१० |
| **खुद नाफा/नोक्सान** | (३१,०२९) | (५१,७०७) | १६२,१७२ |
| **प्रति शेयर आम्दानी (रु.)** | (१२.८७) | (२१.४४) | ४२.५८ |

**नगद प्रवाह विवरण**

| विवरण | वास्तविक (रु हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | २०७८/०७९ |
| **संचालन गतिविधिको नगद प्रवाह** | | | |
| आयकर अगाडिको खुद नाफा र मुनाफा नोक्सानी | (३१,०२९) | (५१,७०७) | १,६२,१७२ |
| जोड्ने | - | - | |
| १.ह्रास कट्टी (Depreciation) | ६९० | ५४९ | ४३७ |
| २. परिषोधन (Amortization) | २२,९३५ | २४,६९५ | २३,६०१ |
| ३. विदेशी मुद्रा विनिमय नाफा (घाटा) | - | - | |
| ४. ब्याज खर्च | ५४,८७७ | ६८,४११ | ६८४६७ |
| **कार्यशिल पूँजीको परिवर्तन अधिको संचालन नगद प्रवाह** | **४७,४७३** | **४१,९४८** | **२,५४,६७७** |
| **कार्यशिल पूँजीबाट खुद नगद प्रवाह** | | | |
| १.हालको दायित्वमा कमी (बृद्धि) | - | - | |
| २.हालको सम्पतीमा कमी (बृद्धि) | - | - | |
| ३.व्यापार तथा अन्य प्राप्यहरुमा भएको कमी। (बृद्धि) | (२,३५२) | (१२,६४२) | (१६६,७३४) |
| ४.अग्रिम भुक्तानि रकम र पेश्कीमा भएको बृद्धि। (कमी) | २,४२६ | ३३,२५० | (५३,२७८) |
| ५.व्यापारिक तथा अन्य तिर्न बाँकीमा भएको बृद्धि। (कमी) | (५५,२२१) | ३४,७२७ | (४३,६११) |
| **क संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **(७,६७४)** | **९७,२८३** | **(८,९४७)** |
| लगानी गतिविधिबाट खुद नगद प्रवाह | | | |
| १. आयोजनामा लगानी | - | - | - |
| २. अन्य परियोजनाहरुमा लगानी | - | - | - |
| ३. स्थिर सम्पत्ति र आयोजना (थप)/घट | - | - | - |
| ४. अमूर्त सम्पत्ति र आयोजना (थप)/घट | - | (३५,३०७) | - |
| ५. पूर्ब संचालन खर्च नलेखिएको | - | - | - |
| **ख लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **-** | **(३५,३०७)** | **-** |
| वित्तिय गतिविधिको नगद प्रवाह | | | - |
| १. शेयर पूँजीको निष्काशन | - | - | - |
| २. शेयर पूँजीगत कर्जा (थप) घट | ९१,६३७ | - | - |
| ३. ब्याज भुक्तानी | (५४,८७७) | (६८,४११) | (६८,४६७) |
| ४.लाभांश वितरण | - | - | - |
| ५. अन्य उधारो र भुक्तानीबाट आय | (२९,०८६) | ६,४११ | ७८,४१७ |
| ६. शेयर पूँजीमा बृद्धि कमी | - | - | - |
| ७. ऋणमा बृद्धि कमी | - | - | |
| **ग वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(७,६७४)** | **(६२,०००)** | **९,९५०** |
| **नगदमा भएको कुल बृद्धि र कमी (क ख ग)** | - | (२४) | **१,००४** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | ३६ | **३६** | **१३** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | ३६ | **१३** | **१,०१७** |

**(इ) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि व्यवस्थापन बाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरणः**

कम्पनीको आ.व. २०७९/८० को पौष मसान्त सम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण निम्न बमोजिम रहेको छ ।

**वासलात - पौष ३०, २०७९)**

| **पूँजी तथा दायित्व** | **रकम रु. (हजारमा)** |
|---|---|
| शेयर पूँजी | ३८०,८३७ |
| जगेडा तथा कोषहरु | (१३७,२१२) |
| ऋणपत्र तथा बण्ड | - |
| ऋण तथा उधारो | ३७२,२८४ |
| चालु दायित्व ऋण तथा उधारो | २७०,९०२ |
| व्यापारिक तथा अन्य तिर्न बाँकी | ४८,१०५ |
| आयकर दायित्व | - |
| अन्य चालु दायित्व | - |
| कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्ने | ३,३१० |
| **कुल पूँजी तथा दायित्व** | **९३८,२२६** |
| **सम्पत्ति** | **रकम रु. (हजारमा)** |
| स्थिर सम्पत्ति तथा उपकरण | ६७३,०४० |
| अग्रिम भुक्तानि रकम र पेश्की | - |
| व्यापार तथा अन्य प्राप्यहरु | २६४,३३६ |
| लगानी | - |
| नगद, बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ८५१ |
| अमुर्त सम्पत्ति | - |
| निर्माणाधिन पूजीगत सम्पत्ति | - |
| अन्य सम्पत्ति | - |
| **कुल सम्पत्ति** | **९३८,२२६** |

**नाफा-नोक्सान हिसाब (पौष ३०, २०७९)**

| **विवरण** | **रु. (हजारमा)** |
|---|---|
| सञ्चालन आम्दानी | ५,८१७ |
| बिक्री लागत | - |
| अन्य आम्दानी | - |
| सञ्चालन खर्च | १२३ |
| प्रशासकीय खर्चहरु | १७६ |
| ह्रास कट्टी (Depreciation) | १०७ |
| परिषोधन (Amortization) | ५,७५५ |
| **सञ्चालन मुनाफा/नोक्सान** | **(३४३)** |
| ब्याज/वित्तिय खर्च | ३१,०९५ |
| **कर अघिको मुनाफा/नोक्सान** | **(३१,४३८)** |
| कर व्यवस्था | - |
| कर्मचारी बोनश | - |
| **खुद नाफा/नोक्सान** | **(३१,४३८)** |

**(ई) आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :**

भुगोल ईनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेडको आ. व. २०७८/०७९ का अन्य आम्दानी शीर्षक अन्तर्गत जम्मा २२,८२,१४,६०७/- रहेको छ । उक्त आम्दानीको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

(क) भुगोल इनर्जि डेभलपमेण्ट कम्पनी लिमिटेडको आयोजना निर्माण स्थलसम्म पुग्ने मोटर बाटो कम्पनीको लगानीमा नै निर्माण भएको र उक्त मोटर बाटो निर्माण गर्नको लागि रु.५,३२,५७,५१३/- खर्च भएको थियो । सोही क्षेत्रमा निर्माण गर्न लागेका आयोजनाहरुले समेत आयोजनको लागि आवश्यक पर्ने मेसिनरी लगायतका सम्पूर्ण सामग्रीहरु सोही बाटो मार्फत धुवानी गर्नु पर्ने भएको हुँदा Access Road Sharing सम्बन्धी मिति २०७९ साल जेष्ठ ४ गते सम्बन्धित पक्षसंग सम्झौता गरेको छ । उक्त Access Road Sharing सम्झौता मार्फत रु.३,५०,००,०००/- आम्दानी प्राप्त गरेको छ । कम्पनीको संचालकलाई भुक्तानी गर्नुपर्ने रकम रु.३,९६,३०,०००/- सम्बन्धित संचालकले त्याग गर्ने सहमत भएबमोजिम मिति २०७९ साल आषाढ १ गते संचालक समितिले दाइत्व हटाई आम्दानी मानी लेखाङ्कन गर्ने निर्णय गरेको छ । साथै इलोक्टोमेकानिक कार्य गर्ने कम्पनी मेकामिडी एच.पि.पि. इन्डिया प्रा.लि.लाई भुक्तानी गर्नुपर्ने शीर्षक अन्तर्गत राखिएको रकम रु.५८,३७,४६७.८७ लाई सम्बन्धित कम्पनीको स्वीकृति अनुसार दाईत्वबाट हटाई आम्दानी लेखाङ्कन गरिएको छ ।

(ख) कम्पनीको आयोजनामा बाढी पहिरोको कारणले गर्दा भएको क्षति बापतको रकम क्षतिपूर्ति स्वरुप रु.२,३०,९७,१३९/- माग दावी गरिएकोमा आ.व. २०७८/७९ सम्म जम्मा रु.९९,५८,४४०/- मात्र प्राप्त भएको र बाँकी रकम प्राप्त हुने प्रक्रियमा रहेको छ ।

(ग) भुगोल ईनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेडको स्वलगानीमा आयोजनको पावरहाउस देखि विद्युत प्राधिकरणको दैलेख सवस्टेसन सम्मको १४.७ कि.मि. भन्दा बढी प्रसारण लाईन निर्माण गरेको थियो । उक्त प्रसारण लाईन निर्माण गर्दा भुगोल ईनर्जी डेभलपमेण्ड कम्पनी लिमिटेडको रु.८,४७,५७,३३७/- (स्वीचयार्ड र सवस्टेसन बाहेक) लागेको थियो । हाल भुगोल ईनर्जी डेभलपमेण्ट कम्पनीको आयोजना रहेको क्षेत्रमा अप्पर लोहोर खोला हाइड्रोपावर कम्पनी लिमिटेड संचालनको क्रममा रहेको र उक्त आयोजनाबाट उत्पादन हुने विद्युत समेत वितरण गर्नको लागि छुट्टै प्रसारण लाईन नभएको हुँदा भुगोल ईनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेडले निर्माण गरेको प्रसारण लाईन मार्फत नै दैलेख सबस्टेसनमा जडान गर्नुपर्ने भएको हुँदा सोही प्रसारण लाईनलाई संयुक्त रुपमा प्रयोग गर्ने गरी मिति २०७५ साल चैत्र १३ गते भुगोल ईनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेड र अप्पर लोहोर खोला हाईड्रोपावर कम्पनी लिमिटेड बीच दुई पक्षिय सहमति भएको थियो । साथै उक्त सहमतिलाई नेपाल विद्युत प्राधिकरण, वितरण तथा सेवा निर्देशनालय कर्णाली प्रादेशिक कार्यालय, सुर्खेतबाट समेत अनुमोदन गरेको छ । उक्त प्रसारणलाईन दुवै पक्षयको संयुक्त स्वामित्वमा हुनेगरी सम्झौता भएको छ । साथै उक्त प्रसारण लाइन संयुक्त रुपमा प्रयोग गरे बापट अप्पर लोहोरे हाइडोपावर कम्पनी लिमिटेडले भुगोल इनर्जि डेभलपमेण्ट कम्पनीलाई रु.१२,४६,५०,०००/- भुक्तानी गर्नुपर्ने रहेको छ ।

साथै अन्य आम्दानी अन्तर्गत आर्जन गरेको आम्दानीमा आयकर ऐन, २०५८ को दफा ११ को उपदफा ३ (घ) मा भएको व्यवस्था अनुसार जलविद्युत तथा व्यापारिक रुपमा उत्पादन गर्ने उद्योगले १० वर्षसम्म पुरै आयकर छुट पाउने व्यवस्था भए अनुसार यस भुगोल इनर्जि डेभलपमेण्ट कम्पनी लिमिटेड समेत आयकर छुट प्राप्त गर्ने अवधि भित्र रहेको छ । दुवै कम्पनी जलविद्युत आयोजना निर्माण गर्ने कम्पनी भएको हुँदा माथि उल्लेखित आम्दानीमा आयकर छुट हुने आय भएको हुँदा आयकर नलाग्ने तथा आयकर दायित्व नरहेको ।

**(उ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोवार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** सो नभएको

**(ऊ) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी :** सो नभएको ।

**(ए) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य :**

**(अ) पूनर्मूल्यांकन गरिएको सम्पत्तिको विवरण :**

**कम्पनीले आफ्नो स्वमित्वमा रहेको** आयोजना स्थलमा रहेको जग्गाको मात्र पूनमूल्याङ्कन गरेको छ ।

(आ) **सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य :**

आयोजना स्थलको जग्गा पूनमूल्याङ्कन गर्नु भन्दा अगाडीको मूल्य रु.१,७५,००,००० रहेको थियो भने भ्यालुयटरको मिति २०७८ साल आषाढ ३१ गतेको मूल्याङ्कन अनुसार रु.४,०३,८६,२००/- रहेको छ ।

**(ई) पूनर्मूल्यांकनको औचित्य :**

आयोजनाको नाममा रहेको जग्गाको समय सापेक्ष मुल्य निर्धारण गर्न ।

**(ऐ) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वालसात**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| **सम्पत्ति** | | | |
| **गैह चालु सम्पत्ति** | | | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | १,४०४ | १,१२६ | ९०४ |
| अमूर्त सम्पत्ति | ६,५८,९८४ | ६,३४,६२० | ६,१०,२५६ |
| **जम्मा गैर चालु सम्पत्ति** | **६,६०,३८९** | **६,३५,७४६** | **६,११,१६०** |
| **चालु सम्पत्ति** | | | |
| व्यापार र अन्य प्राप्तिहरु | २२,८३७ | २२,८०१ | २२,७४९ |
| अग्रिम भुक्तानी र निक्षेप | ४७,९५० | ४३,१५५ | ३८,८४० |
| नगद तथा नगद बराबर | १४१,८०९ | १८०,९१८ | २५०,९७४ |
| **जम्मा चालु सम्पत्ति** | **२१२,५९६** | **२४६,८७४** | **३१२,५६२** |
| **जम्मा सम्पत्ति** | **८७२,९८५** | **८८२,६२०** | **९२३,७२२** |
| **इक्विटी** | | | |
| शेयर पुँजी | ५४४,०५३ | ५४४,०५३ | ५४४,०५३ |
| जगेडा तथा कोषहरु | (६२,३७८) | (१८,५४२) | २८,७०६ |
| **जम्मा इक्विटी** | **४८१,६७६** | **५२५,५११** | **५७२,७५९** |
| **दायीत्व** | | | |
| **गैह चालु दायित्व** | | | |
| ऋण तथा उधारो | ३,३९,८८४ | ३,३३,८८४ | ३,२६,३८४ |
| **जम्मा गैह चालु दायित्व** | **३,३९,८८४** | **३,३३,८८४** | **३,२६,३८४** |
| **चालु दायीत्व** | | | |
| ऋण तथा उधारो | ४९,००० | २१,००० | २२,५०० |
| व्यापार तथा अन्य भुक्तानी | १,६०३ | १,३१५ | १,१०० |
| आयकर दायीत्व | - | - | - |
| कर्मचारी लाभ भुक्तानी | ८२२ | ९१० | ९८० |
| व्यवस्था (Provision) | - | - | - |
| **जम्मा चालु दायित्व** | **५१,४२५** | **२३,२२५** | **२४,५७९** |
| **जम्मा दायित्व** | **३९१,३०९** | **३५७,१०९** | **३५०,९६३** |
| **जम्मा इक्विटी र दायित्वहरु** | **८७२,९८५** | **८८२,६२०** | **९२३,७२२** |

**नाफा नोक्सान हिसाब**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ |
| सञ्चालन आम्दानी | १,१७,६७९ | १,१७,६७९ | १,१७,६७९ |
| अन्य आम्दानी | - | - | - |
| **जम्मा आम्दानी** | **१,१७,६७९** | **१,१७,६७९** | **१,१७,६७९** |
| **खर्चहरु** | | | |
| सञ्चालन खर्च | २,७२९ | २,७२९ | २,७२९ |
| प्रशासकीयख खर्चहरु | ६,२६२ | ६,३१४ | ६,३७२ |
| ह्रास कट्टी (Depreciation) | ३४८ | २७८ | २२२ |
| परिषोधन (Amortization) | २३,६०१ | २३,६०१ | २३,६०१ |
| **सञ्चालन आम्दानी** | **८४,७३८** | **८४,७५७** | **८४,७५५** |
| वित्त लागत | ४३,६३० | ३९,२४८ | ३५,७६४ |
| **बोनश/कर अधिको मुनाफा/नोक्सान** | **४१,१०९** | **४५,५०८** | **४८,९९१** |
| कर्मचारी बोनश | ८२२ | ९१० | ९८० |

| | | | |
|---|---|---|---|
| **कर अघिको मुनाफा/नोक्सान** | ४०,२८७ | ४४,५९८ | ४८,०११ |
| कर व्यवस्था | - | - | - |
| **खुद नाफा/नोक्सान** | ४०,२८७ | ४४,५९८ | ४८,०११ |

**नगद प्रवाह विवरण**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| संचालन गतिविधिको नगद प्रवाह | | | |
| आयकर अगाडिको खुद नाफा र मुनाफा नोक्सानी | **४०,२८७** | **४४,५९८** | **४८,०११** |
| जोड्ने | | | |
| १. ह्रास कट्टी (Depreciation) | ३४८ | २७८ | २२२ |
| २. परिषोधन (Amortization) | २३,६०१ | २३,६०१ | २३,६०१ |
| ३. वित्तिय आय | - | - | - |
| ४. वित्तिय ब्यय | ४३,६३० | ३९,२४८ | ३५,७६४ |
| **कार्यशिल पूँजीको परिवर्तन अधिको संचालन नगद प्रवाह** | **१०७,८६६** | **१०७,७२६** | **१०७,५९८** |
| १. व्यापार तथा अन्य प्राप्यहरुमा भएको कमी। (बृद्धि) | १,६९,५५० | ३६ | ५२ |
| २. अग्रिम भुक्तानि रकम र पेश्कीमा भएको बृद्धि। (कमी) | ५,३२८ | ४,७९५ | ४,३१६ |
| ३. व्यापारिक तथा अन्य तिर्न बाँकीमा भएको बृद्धि। (कमी) | (३,३८३) | (२००) | (१४६) |
| **क संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **२७९,३६१** | **११२,३५७** | **१११,८२०** |
| लगानी गतिविधिबाट खुद नगद प्रवाह | | | |
| १. आयोजनामा लगानी | - | - | - |
| २. अन्य परियोजनाहरुमा लगानी | - | - | - |
| ३. स्थिर सम्पत्ति र आयोजना (थप)/घट | - | - | - |
| ४. अमूर्त सम्पत्ति र आयोजना (थप)/घट | - | - | - |
| ५. अमूर्त सम्पत्ति खरिद | - | - | - |
| **ख लगानी गतिविधिबाट खुद नगद प्रवाह** | - | - | - |
| वित्तिय गतिविधिको नगद प्रवाह | | | |
| १. शेयर पूँजीको निष्काशन | - | - | - |
| २. शेयर पूँजीको लागि अग्रिम आय | १,६३,२१६ | - | - |
| ३. अन्य उधारो र भुक्तानीबाट आय | (२,५८,१५५) | (३४,०००) | (६,०००) |
| ४. ब्याज भुक्तानी | (४३,६३०) | (३९,२४८) | (३५,७६४) |
| ५. लाभांश वितरण | - | - | - |
| **ग वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(१३८,५६९)** | **(७३,२४८)** | **(४१,७६४)** |
| **नगदमा भएको कुल बृद्धि र कमी (क ख ग)** | **१४०,७९२** | **३९,१०९** | **७०,०५६** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **१,०१७** | **१४१,८०९** | **१८०,९१८** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **१४१,८०९** | **१८०,९१८** | **२५०,९७४** |

प्रक्षेपित वित्तीय विवरण कम्पनीले आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी कन्डेल एण्ड असोसिएट्सबाट प्रमाणित गरिएको छ।

**प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ।**

**१.आम्दानी :** यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको विद्युत खरिद बिक्री सम्झौता पत्रमा भएको प्रति एकाई आम्दानी अनुसार गणना गरिएको छ। नेपाल विद्युत प्राधिकरण संग भएको पिपिए सम्झौता अनुसार प्रति वर्ष ३ प्रतिशतको दरले आठ पिटक सम्म वृद्धि हुने र तत्पश्चात् बाँकी अवधिको लागि सोही दर कायम हुने गरी आम्दानी गणना गरिएको छ। जस अन्तर्गत सुख्खा याममा न्युनतम रु. ८.४० देखि अधिकतम रु.१०.४२ सम्म प्रतिइकाई र वर्षा याममा न्युनतम रु.४.८० देखि रु.५.९५ सम्म प्रति युनिटका दरले आम्दानी गणना गरिएको छ।

**२. रोयल्टी खर्च:** रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छः
क्षमता बमोजिम रोयल्टी : रु.१००/किलोवाट पहिलो १५ वर्षसम्म रु.१०००/किलोवाट १५ वर्षपछि।
आम्दानी बमोजिम रोयल्टी : बिलको राजश्वको २ प्रतिशत पहिलो १५ वर्षसम्म बिलको राजश्वको १० प्रतिशत, १५ वर्षपछि रोयल्टीको खर्चहरुलाई NFRS बमोजिम विक्रीको लागतमा समूहवद्ध।

**३. वित्तीय खर्चहरु/ ब्याजदर :** कम्पनीले भुक्तानी गर्ने ब्याजहरु तिर्न बाँकी ऋण रकमको वार्षिक १० प्रतिशतको दरले गणना गरिएको छ।

**४. कर्मचारीहरुको बोनस :** बोनश ऐन २०३० तथा विद्युत ऐन २०४९ अनुसार कम्पनीको नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ। अन्य प्रशासनिक तथा संचालन खर्च पहिलाको वर्षमा वार्षिक ३ प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ।

**५. कर्जा भूक्तानी : आ.व. २०९४/०९५** सम्म ऋण भुक्तानी गरिने प्रक्षेपण गरिएको छ।

**६. ह्रास कट्टीः**

स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी समदर प्रणाली (Written Down Value Method) अनुसार कट्टा गरिएको छ। जस अनुसार सम्पत्तिको जीवन अवधि निम्नानुसार कायम गरिएको छ :

| **सम्पत्ति तथा उपकरणको विवरण** | **सम्पत्तिको जिवन अवधि** | **ह्रास कट्टीदर** |
|---|---|---|
| आयोजना | प्रयोग गर्न सकिने अवधि अनुसार | लागू नहुने। |
| **फर्निचर एण्ड फक्सचर** | ४ वर्ष | WDV को २५ प्रतिशत |
| **सवारी साधन** | ५ वर्ष | WDV को २० प्रतिशत |
| **कार्यलय सामामनहरु** | ४ वर्ष | WDV को २५ प्रतिशत |
| **अन्य सम्पत्ति (सफ्टवयर)** | ६.६७ वर्ष | WDV को १५ प्रतिशत |

**७.अमूर्त सम्पत्तिहरुको परिशोधन :**

परियोजनामा प्रयोग भएका सम्पत्तिहरुलाई IFRIC 12 को अन्तर्गत अमूर्त सम्पत्तिको रुपमा देखाई समदर प्रणाली (Straight line method) अनुसार लाईसन्सको अवधिका लागि परिशोधन गरिएको छ।

**८. स्थिर सम्पत्ति**

कुनै पनि स्थिर सम्पत्ति थप हुने छैन र कुनै पनि फरक भएमा त्यो स्थिर सम्पत्तिको मर्मत अन्तर्गत पर्ने प्रक्षेपण गरिएको छ।

**९. आयकर दर :** यस कम्पनी आयकर ऐन, २०५८ दफा ११(३ घ) बमोजिम COD पश्चात् पहिलो १० वर्षको लागि आयकर छुट, सो पश्चात् ५ वर्षको लागि १० प्रतिशत र सो पश्चात् २० प्रतिशत।

**१०.व्यापारीक उत्पादन सुरु हुने मिति :** २०७४ बैशाख २३ गते (तदनुसार मे ६, २०१७) देखि व्यवसायीक उत्पादन सुरु गरिसकेको छ।

**११. आसामी** : आसामी रकमको गणना गर्दा अन्तिम दुई महिनाको अवधिलाई आधार मानिएको छ।

**नोटः** प्रक्षेपित वित्तीय विवरण कम्पनीले आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठिक छ भनी कन्डेल एण्ड असोसिएट्सबाट प्रमाणित गरिएको छ।

**ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरणः**

**अ) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भै नसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।**

कम्पनीको वास्तविक तथा प्रक्षेपित इपिएस र नेटवर्थ प्रति शेयर देहाय बमोजिम छ :

| **विवरण** | **वास्तविक** | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| खुद नाफा/नोक्सान | (३१,०२८) | (५१,७०७) | १६२,१७२ | **४०,२८७** | **४४,५९८** | **४८,०११** |
| प्रति शेयर आम्दानी (रु.) | (१२.८७) | (२१.४४) | ४२.५८ | **७.४०** | **८.२०** | **८.८२** |
| चुक्ता पूँजी (रु हजारमा) | २४१,१४० | २४१,१४० | ३८०,८३७ | ५४४,०५३ | ५४४,०५३ | ५४४,०५३ |
| जगेडा तथा कोषहरु (रु हजारमा) | (९४,०२९) | (१२३,६१३) | (१०१,९०१) | (६२,३७८) | (१८,५४२) | २८,७०६ |
| पुनमूल्याकन कोष | **-** | **२२,१२३** | **२१,३६०** | **२०,५९८** | **१९,८३५** | **१९,०७२** |
| **कुल नेटवोर्थ** | **(१४७,१११)** | **९५,४०३** | **२५७,५७६** | **४६१,०७८** | **५०५,६७६** | **५५३,६८७** |
| **शेयर संख्या (हजारमा)** | २,४११ | २,४११ | ३,८०८ | ५,४४१ | ५,४४१ | ५,४४१ |
| **संचित नाफा/(नोक्सान) (रु.हजारमा)** | (२५९,३२७) | (१४५,७३६) | (१२३,२६२) | (८२,९७५) | (३८,३७७) | ९,६३४ |
| **प्रति शेयर चुक्ता पूँजी (रु.)** | १०० | १०० | १०० | १०० | १०० | १०० |
| प्रतिशेयर नेटवर्थ (रु.) | ६१.०१ | ३९.५६ | ६७.६३ | ८४.७५ | ९२.९५ | १०१.७७ |
| नेटवर्थमा औषत प्रतिफल (प्रतिशतमा) | (२१.०९) | (५४.२०) | ६२.९६% | १०.३४% | ९.९८% | ९.५०% |

**आ) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः** (४.११) प्रतिशत

प्रक्षेपित वित्तीय विवरण निष्काशनकर्ता कम्पनी आफैले तयार पारेको हो र सो वित्तीयविवरणहरु पुनरावलोकन गरी ठिक छ भनी कन्डेल एण्ड असोसिएट्सबाट प्रमाणित गरिएको छ ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

१) कम्पनीको प्रवन्ध-पत्रमा जारी पूँजीको १० प्रतिशत शेयर अयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुलाई तथा जारी पूँजीको २०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु. १६,३२,१६,०००/- शेयर पूँजी अयोजना प्रभावित क्षेत्रका वासिन्दा, सर्वसाधारणहरुमा (कर्मचारी र सामुहिक लगानी कोष समेत) बिक्री वितरण गरी कम्पनीको जारी पूँजी रु.५४,४०,५३,४००/-पुऱ्याउने ।

२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

३) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।

४) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन, बैकबाट लिईएको कर्जा भुक्तानी गर्ने ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

(अ) साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम यस कम्पनीले गर्न पाउने कार्यको अधिनमा रही कम्पनीले बैंकबाट उपभोग गरिएको ऋण भुक्तानी गर्न प्रयोग गरिने छ ।

**ऋण रकम उपभोग गरिएको बैंकको नाम, ऋण रकम तथा साधारण शेयर निष्काशनबाट प्राप्त रकम भुक्तानी गरे पश्चात बाँकी हुने ऋण रकम सम्बन्धी विवरण :**

| | |
|---|---|
| बैंकको नाम : सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड । | |
| जम्मा ऋण रकम (रु.) | ६४,५६,००,०००.०० |
| ऋण भुक्तानी (साधारण शेयर निष्काशनबाट प्राप्त हुने रकम) (रु.) | १६,३२,१६,०००.०० |
| **बाँकी ऋण रकम (रु.)** | **४८,२३,८४,०००.००** |

यस कम्पनीले निर्माण गरेका द्वारी खोला साना जलविद्युत आयोजनाको लागि आवश्यक वित्तीय श्रोतको कम्पनीको संस्थापकद्धारा चुक्ता गरेको पूजी तथा बैंकहरुवाट लिएको ऋण रकम रहेको छ । बैंकवाट लिएको ऋण रकम को भुक्तानी सम्बन्धी अवस्था तपसिल बमोजिम रहेको छ ।

| बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत कर्जा रकम रु. | कर्जाको भुक्तानीको अवधि | किस्ता रकम रु. | किस्ता भुक्तानीको तरिका | शुरु तथा आश्विन मसान्त, २०७९ मा कायम ब्याजदर (प्रतिशतमा) | | आश्विन मसान्त, २०७९सम्म भुक्तानी गरिएको कर्जा रकम | बाँकी कर्जा रकम रु. (आश्विन मसान्त, २०७९) |
|---|---|---|---|---|---|---|---|---|
| सिटिजन्स बैंक इन्टरनेशनल लि. | १,५०,००,००० | आ.व. २०९४/९५ | संलग्न अनुसार (दफा ग.१७) | समय समाप्त भए पश्चात | १२% | ११.५४% | - | १३,५००,००० |
| | १,५०,००,००० | | | समय समाप्त भए पश्चात | १२.८८% | ११.५४ | - | १,५०,००,००० |
| | ५७,००,००,००० | | | त्रैमासिक | ८% | ११.५४ | ६७,०८,००० | ५०,२८,९२,००० |
| | ३,५०,००,००० | | | त्रैमासिक | १२% | १३.०४% | ७,९२,०० | ३,४३,०४,००० |
| | ८,००,००,००० | | | | १२.९९% | ११.५४% | – | ८,००,००,००० |
| **जम्मा** | **७१,५०,००,०००** | | | | | | ६,७९,००,००० | ६४,५६,००,००० |

**आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्थाः**

विगतमा सोही प्रकारका अन्य कम्पनीहरुले सर्वसाधारणमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा विक्री हुने कम्पनीको धारणा रहेको छ । निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ । सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा, श्री प्रभु क्यापिटल लिमिटेडले सम्पूर्ण निष्काशन रकम बरावरको शेयर आफैंले खरीद गर्ने प्रत्याभूति सम्झौता गरिएको छ ।

**(इ) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरणः**

यस कम्पनी द्वारा निर्माण गरिएको द्वारी खोला जलविद्युत आयोजना प्रदेश नं. ६, दैलेख जिल्लामा रहेको छ र उक्त आयोजना निर्माण कार्य सम्पन्न भई मिति २०७४/०१/२३ व्यवसायीक उत्पादन सुरु गरिसकेको छ।

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** आयोजनाको निर्माण कार्य सम्पन्न भई मितत २०७४/०१/२३ व्यवसायीक उत्पादन सुरु गरिसकेको

**(उ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सोको मूख्य मूख्य बुँदाहरुः** सो नभएको।

**(ऊ) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको।

**(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीको उत्पादन विद्युत हो, सो को प्रयोगकर्ता देशका बासिन्दाहरु रहेका छन्। साना जलविद्युतको क्षेत्रमा धेरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेको छ र निर्माणाधिन द्वारी खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ३.७५ मेगावाट रहेको छ।

**(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** प्रदेश नं. ६, दैलेख जिल्लाको द्वारी खोलाको पानी र सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालयबाट ३५ वर्षका लागि अनुमति प्राप्त भएको छ।

**(ओ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** प्रदेश नं. ६, दैलेख जिल्लाको द्वारी खोलाको पानी।

**(औ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरणः**

**(१) निष्काशन तथा बिक्री प्रवन्धक :**
यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रवन्धक सम्बन्धी कार्यका लागि नियुक्त श्री एन आई सी एशिया क्यापिटल लिमिटेडल, बबरमहल, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु.१,००,०००/-(अक्षरुपी एक लाख रुपैंया मात्र) भुक्तानी दिइनेछ।

**(२) ट्रष्टि (डिवेन्चर निष्काशनको हकमा)** :सो नभएको।

**(३)प्रत्याभूतिकर्ता :**
प्रत्याभूतीकर्ता श्री प्रभू क्यापिटल लिमिटेडलाई प्रत्याभुति सेवा प्रदानगरे वापत रु.८,१६,०८०/-(अक्षरेपी आठ लाख सोह्र हजार असी मात्र) कमिशनको रुपमा दिइने छ।

**(४) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क : सो नभएको।**

**(५) लेखापरिक्षकः**
यस कम्पनीको आ.व.२०७८/०७९ को लेखापरिक्षण सम्बन्धी कार्य दिपेन्द्र फुयाल एण्ड एसोसिएट्सबाट भएको हो। उक्त लेखापरिक्षणको कार्य गर्नका लागि सेवा शुल्क बापत भ्याट बाहेका रु.१,००,०००/- (अक्षरुपी एक लाख मात्र) प्रदान गरेको छ।

**(६) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) :**
आस्वा सदस्य बैंक तथा वित्तिय संस्थाहरु संकलन केन्द्रको रुपमा रहने छन्।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियम थप नगरिएको।
**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(१) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :** यस विवरण पत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
क. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ।
ख. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ।

ग. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ।

घ. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ।

ङ. शेयर बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।

च. शेयर बाँडफाँडको जानकारी बाँडफाँट गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ।

छ. कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिनेछ।

ज.स्थानीय बासिन्दाका लागि निष्काशन गरिएको शेयर बिक्री नभई बाँकि रहन गएको अवस्थामा सर्वसाधारणलाई शेयर निष्काशन गर्दा सो शेयर थप गरी निष्काशन गरिनेछ। साथै, सर्वसाधारणलाई शेयर निष्काशन गर्दा न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभुतीकर्ता वीच भएको प्रत्याभुत सम्वन्धि सम्झौता बमोजिम प्रत्याभुतकर्ताले खरिद गर्नेछ।

**(२) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरि धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धि सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय सस्थाहरुलाइ उपलब्ध गराइने छ र सोही विवरण अनुरुप सि आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय सस्थाहरुले बाँडफाँडमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरि फिर्ता गरिदिनेछ। साथै स्थानीयबासीहरुको लागि निष्काशन गरेको शेयरको हकमा बाँडफाँडमा शेयर नपरेको रकम सम्बन्धित आवेदकले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी फिर्ता भुक्तानी गरिनेछ।

**(३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको सन्दर्भमा यो व्यवस्था लागु नहुने। स्थानीय बासिन्दाले सि-आश्वा प्रणाली भन्दा बाहेक भौतिक रुपमा शेयर आवेदन गरेको खण्डमा, निवेदन साथ प्राप्त रकम बाँडफाँडपछि "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

**(४) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइ प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई निजहरुले आवेदनमा उल्लेख गरेको हितग्राही खातामा शेयरको सूचिकरण भएपश्चात सोझै जम्मा गर्ने व्यवस्था गरिनेछ।

**(५) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :**

हाल सम्म सूचीकरण भई नसकेको।

**(६) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :** हालसम्म सूचिकरण भई नसकेको हुँदा यस शेयरको बाँडफाँड पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको नियमानुसार शेयरको सूचिकरण गराई धितोपत्रको कारोबार गर्ने व्यवस्था मिलाईनेछ।

**ग.१०.च.प्रत्याभूति सम्बन्धी विवरण:**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

यस विवरणपत्र मार्फत सर्वसाधारणमा निष्काशन गर्न लागिएको १६,३२,१६० कित्ता साधारण शेयर वापतको रु.१६,३२,१६,०००/- को सत प्रतिशत अर्थात रु १६,३२,१६,००० रकम बरावरको लागि श्री प्रभु क्यापिटल क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं द्वारा प्रत्याभूति सेवा प्रदान गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य बूँदाहरु**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ।

अ) प्रत्याभूतिकर्ताले १६,३२,१६० कित्ता साधारण शेयरको रु १६,३२,१६,०००/- सत प्रतिशत अर्थात रु.१६,३२,१६,००० रकम बरावरको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

आ) प्रत्याभूतिकर्तालाई प्रत्याभूति सेवाप्रदान गरे वापत कम्पनीले रु.८,१६,०८० (अक्षरेपी आठ लाख सोह्र हजार असी मात्र) कमिशनको रुपमा दिइने छ ।

इ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरुमा प्रत्याभूतिकर्ताहरुको दायित्व प्रत्याभूतित कित्ता शेयरहरुमा मात्र सीमित हुनेछ ।

ई) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा माथि उल्लेखित प्रत्याभूतितकित्ता शेयरहरुमा सीमित हुने गरी खरीद गर्ने सहमती जनाएको छ ।

उ) यस सम्झौतापत्रको अवधि सर्वसाधारण शेयर निष्काशन बाँडफाँट भए पश्चात सकिने छ ।

ऊ) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको जानकारी प्राप्त पश्चात सम्झौता पत्र स्वतः खारेज हुनेछ ।

ए) यस सम्झौताको ब्याख्यामा कुनै विवाद वा बिभेद उत्पन्न भएमा आपसी सहमतिवाट समाधान गरिनेछ । सो बाट विवाद निरोपण नभएमा मध्यस्थकर्ता नियुक्ति गरि विवाद निरोपण गरिनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्न प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ साथै, लाभांश, हकप्रद शेयर आदि सम्बन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा, तथा कम्पनीको पूँजी योजना अनुसार प्रचलित कानून बमोजिम गरिनेछ।

**(ख) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१.यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला, काठमाण्डा महानगरपालिका वडा नं. १०, नयाँ बानेश्वर वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ ।

२.यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिंदा दरखास्तवालाले न्यूनतम १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनुपर्नेछ । यदि दरखास्तवालाले १० (दश) कित्ताभन्दा बढी साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन चाहेमा १० (दश) अङ्कको गुणाङ्कमा अधिकतम ३०,००० (तिस हजार मात्र) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

३.यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर स्थानिय बासीहरुको हकमा शेयर खरिद गर्नका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको धितोपत्र संख्याको प्रतिधितोपत्र रु.१००/- (एक सय) का दरले हुनआउने एकमुष्ठ रकम यस निष्कासनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

**(ग) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि र प्रमाणपत्र नं. पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचयपत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरुः** यस कम्पनीको प्रवन्धपत्रमा व्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित क्षेत्रका बासिन्दा, कर्मचारी र सर्वसाधारण) मा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७०% शेयर संस्थापक शेयरधनीतथा ३०% सर्वसाधारणहरु मध्ये १०% प्रतिशत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु नौमुले, दैलेख तथा अतिप्रभावित क्षेत्र द्धारी-३ लाई र २०% सर्वसाधारणहरु (कर्मचारीहरु, तथा सामूहिक लगानी कोष समेत) मा निष्कासन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ । उद्योग प्रभावित क्षेत्रका बासिन्दा, कामदार कर्मचारीले सोही आधारमा शेयर खरिदको लागि आबेदन दिन सक्ने भएको हुँदा कर्मचारीको हैसियतले पुनःशेयर खरिदको लागि आबेदन दिन सक्ने छैनन् । उद्योग प्रभावित क्षेत्र कर्मचारी र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई निष्काशन गरिएको शेयर बाँडफाँड भएका आवेदकहरुले सर्वसाधारणमा निष्काशन गरिएका समयमा आवेदन दिएमा त्यस्तो आबेदन स्वत रद्द हुनेछ ।

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमाः**

उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरु ऋति प्रभावित क्षेत्र द्धारी-३ तथा आयोजना प्रभावित क्षेत्र नौमुले, द्धारी-३ दैलेख बाहेक स्थानीय बासिन्दाहरुले यस विवरण–पत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १८ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ वर्षदेखि स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धित गा.वि.सा ⁄ गाउँपालिका ⁄ नगरपालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

३. १८ वर्ष भन्दा कम उमेरका लागि आमा ⁄ बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भई आएका महिलाका हकमा विवाह–दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

५. आयोजना प्रभावित क्षेत्रमा बसाई सराई गरी आएको हकमा विवरण पत्र स्वीकृत भएको मितिसम्म बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ ।

६. माथि उल्लेखित हुन छुटेका उद्योग प्रभावित क्षेत्र वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित पालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अयोजना प्रभावित क्षेत्र छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नु पर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०.आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

११.एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२.साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त वुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१३.उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा कर्मचारी तथा सर्वसाधारणका लागि सार्वजनिक निष्कासन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१४.सम्पुर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१५.रु.५०,००० ⁄ -भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१६.यस विवरण-पत्र मार्फत निष्कासन गरिने शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/ BOID No.) भएका आवेदकहरुलाई नीजहरुको धितोपत्र अभौतिक रुपमा उपलब्ध गराउने व्यबस्था भएको हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/ BOID No.) आवेदन फाराममा उल्लेख गर्न सक्ने छन् । साथै डिम्याट खाता (DMAT Account/ BOID No.) नभएका स्थानीय बासिन्दाहरुले पनि उक्त शेयरका लागि आवेदन दिन सक्नेछन् ।

१७.रु. ५,००,००० ⁄ - सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,००० ⁄ - वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा ।**

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यस विवरण–पत्र मार्फत निष्कासन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुले मात्र आवेदन दिन सक्नेछन् ।

२. शेयर खरिदका लागि सि आस्वा सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आफ्नो विप्रेषण बचत खाता खोलि सि आश्बा रजिष्ट्रेशन नम्बर (CRN) लिई मेरो शेयर मार्फत आवेदन दिन सक्नेछन् ।

३. शेयर खरिदका लागि आवेदन दिने आवेदकले विप्रेषण बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा पचास हजार नेपाली रुपैयाँ आफू रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ ।

४. बाँडफाँडमा शेयर परेका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

५. आयोजना प्रभावित क्षेत्रका बासिन्दाकालागि निष्काशन गरिएको शेयर बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैननर् यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

६. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा स्वत रद्द हुने हुँदा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

**सर्वसाधारण शेयरधनीहरुको हकमा :**

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिंदा निम्म बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

१. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।

२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३, अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्ने (जस्तैः डिपी आईडी र क्लाइन्ट आईडी, खाता नं., नाम, थर, ठेगाना, सम्पर्क नं. नागरिकता नं., धितोपत्र निष्काशन कम्पनीको नाम, खरीद गर्न चाहेको धितोपत्रको संख्या, खरीद गर्न चाहेको धितोपत्रको रकम आदि) ।

३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई “धितोपत्रको सार्वजनिक निष्काशन को केन्द्रीकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४” को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम फरी CRN नं. लिनुपर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा भएको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले CRN नं. प्राप्त गरेपश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।

७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछः

क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं. र ईमेल ।
ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)
ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा)
च) आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर

८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम बैंक खातामा हुनुपर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढि दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढि आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११.धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२.धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३.सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट उपलब्ध गराइएको "मेरो सेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन दिन सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिइसकेको हुनुपर्नेछ ।

१४.रितपूर्वक प्राप्त नभएको दरखास्त फारामलाई साधारण शेयर बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक र सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनुपर्नेछ ।

१५.शेयर बाँडफाँड गरि सूचीकरण पश्चात बाँडफाँडमा परका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१६.रु. ५ लाख सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।

यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ३०,००० (तिस हजार) कित्ता शेयरको लागि आवेदन दिन सकिनेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण:**

कम्पनी र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण:

क. **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :** सो नभएको ।

ख. **आधारभूत शेयरधनी :** सो नभएको ।

ग. **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :** सो नभएको ।

घ. **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

ङ. **संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता नभएको ।

च. **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि विवरण :** कम्पनीबाट उत्पादित विद्युत कम क्षमताको प्रसारणलाईनको कारणले गर्दा बिद्युत बिक्रीबाट प्राप्त आम्दानीले बैंकको नियमित किस्ता तथा कम्पनीको दैनिक संचालक खर्चबापतको रकम भुक्तानी गर्नको लागि संचालक श्री सैरभ अर्ज्याललले कम्पनीलाई प्रदान गरेको ऋण/सापाटी रकम रु.३,९६,३०,०००/- नीज कम्पनीको वित्तीय अवस्था राम्रो होस भन्न मुख्य उद्देश्यका साथ स्वच्छाले त्याग गर्ने भनी कबुल गरी संचालक समितिमा लिखित रुपमा जानकारी गराई संचालक समितिको मिति २०७९/०३/१५ गते बसेको संचालक समितिले उक्त रकम दायित्वबाट हाई आम्दानी मानी लेखाङ्कन गरेको थियो । साथै उक्त रकम बापत नीजले हाल सम्म कुनै ब्याज रकम समेत नलिएको ।

**ग.१२.विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सोको विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु ।**

हाल कम्पनीमा विदेशी लगानी र विदेशी व्यबस्थापनमा नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

क. **संगठित संस्थाको विगत ३ आर्थिक वर्षको त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** निष्कासनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको ।

ख.**बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुलदिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरणः**

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नुको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरणः**

**क.लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

(अ) **लेखापरीक्षक** : यस कम्पनीको आ.व.२०७८/०७९ को लेखापरिक्षण सम्बन्धी कार्य दिपेन्द्र फुयाल एण्ड एसोसिएट्सबाट भएको हो ।

(आ) **निष्काशन बैंक (Bankers to the Issue) :** यस निष्काशनको लागि देहायक बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरेको छ ।

| सि.नं | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १ | एन आई सी एशिया बैंक लिमिटेड, थापाथली, काठमाण्डौ | NIC ASIA CAPITAL LIMITED-BHUGOL ENERGY DEVELOPMENT CO.LTD. | ०५४४४५४४५१०२५६२५ |

(इ) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :** यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो ।

(ई) **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः** यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा कन्डेल एण्ड असोसिएट्सका चार्टड एकाउन्टेन्ट रहनु भएको छ। सो कार्य को लागि उहाँलाई रु ५०,००० (कर बाहेक) भुक्तानी गरिएको छ ।

**ख. माथि खण्ड क. मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरुः**

(अ) **लेखापरीक्षक :** सो नभएको ।

(आ) **निष्काशन बैंक (Bankers to the Issue) )** सी-आस्वा प्रणाली लागू भएकोले धितोपत्र बाँडफाँड पश्चात् बाँडफाँडमा परेको धितोपत्र बापतको रकम सम्वन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले निष्काशन तथा बिक्री प्रबन्धकबाट जानकारी प्राप्त गरेको मितिले ३ दिन भित्र उक्त रकम निष्काशन बिक्री प्रबन्धकको खातामा हस्तान्तरण गरिदिनु पर्नेछ। साथै धितोपत्र बाँडफाँडमा नपरेका आवेदकहरुको हकमा समेत निष्काशन तथा प्रबन्धकबाट जानकारी प्राप्त भएको ३ कार्य दिन भित्र सम्बन्धित आवेदकहरुको खाता फुकुवा गरिदिनु पर्नेछ ।

**ग.१६.आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी र सिटिजन्स बैंक इन्टरनेशनल लि.बाट ऋण प्राप्त गरि आयोजना निर्माण गरिएको थियो । बैंकवाट लिएको ऋण रकम को भुक्तानी सम्बन्धी अवस्था तपसिल निम्न बमोजिम रहेको छ ।

| बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत कर्जा रकम रु. | कर्जाको भुक्तानीको अवधि | किस्ता रकम रु. | किस्ता भुक्तानीको तरिका | शुरु तथा आश्विन मसान्त, २०७९ मा कायम ब्याजदर (प्रतिशतमा) | | आश्विन मसान्त, २०७९सम्म भुक्तानी गरिएको कर्जा रकम | बाँकी कर्जा रकम रु. (आश्विन मसान्त, २०७९) |
|---|---|---|---|---|---|---|---|---|
| सिटिजन्स बैंक इन्टरनेशन ल लि. | १,५०,००,००० | आ.व. २०९४/९५ | संलग्न अनुसार | समय समाप्त भए पश्चा | १२% | ११.५४% | - | १३,५००,००० |
| | १,५०,००,००० | | | समय समाप्पत भए पश्चात | १२.८८% | ११.५४ | - | १,५०,००,००० |
| | ५७,००,००,००० | | | त्रैमासिक | ८% | ११.५४ | ६७,०८,००० | ५०,२८,९२,००० |
| | ३,५०,००,००० | | | त्रैमासिक | १२% | १३.०४% | ७,९२,०० | ३,४३,०४,००० |
| | ८,००,००,००० | | | | १२.९९% | ११.५४% | - | ८,००,००,००० |
| **जम्मा** | **७१,५०,००,०००** | | | | | | **६,७९,००,०००** | **६४,५६,००,०००** |

ऋण रकम भुक्तानी तालिका निम्न बमोजिम रहेको छ । (**रकम रु. हजारमा**)

| वर्ष | जम्मा रकम (रु.) | जम्म ब्याज रकम (रु) | जम्मा रकम (रु.) | बाँकी ऋण रकम (रु.) | बैंक चार्ज (रु.) |
|---|---|---|---|---|---|
| १ | १६४,८१६ | ४१,५६९ | २०६,३८५ | ३७३,८८४ | ५६१ |
| २ | ३४,००० | ३७,२३८ | ७१,२३८ | ३३९,८८४ | ५१० |
| ३ | ६,००० | ३३,७६३ | ३९,७६३ | ३३३,८८४ | ५०१ |
| ४ | ७,५०० | ३३,०५१ | ४०,५५१ | ३२६,३८४ | ४९० |
| ५ | ४०,१८० | ३२,१८८ | ७२,३६८ | २८६,२०४ | ४२९ |
| ६ | १२,६८० | २८,०६९ | ४०,७४९ | २७३,५२४ | ४१० |
| ७ | २३,१२० | २६,३९१ | ४९,५११ | २५०,४०४ | ३७६ |
| ८ | ३२,६२० | २३,७३९ | ५६,३५९ | २१७,७८४ | ३२७ |
| ९ | ४२,०३० | २०,१३७ | ६२,१६७ | १७५,७५४ | २६४ |
| १० | ४५,६५० | १५,८२० | ६१,४७० | १३०,१०४ | १९५ |
| ११ | ४०,९३० | ११,४८८ | ५२,४१८ | ८९,१७४ | १३४ |
| १२ | ४३,५०० | ७,२९७ | ५०,७९७ | ४५,६७४ | ६९ |
| १३ | ३४,९८६ | २,७९७ | ३७,७८३ | १०,६८८ | १६ |
| १४ | ३,८१० | ९७० | ४,७८० | ६,८७८ | १० |
| १५ | ६,७८२ | ५०८ | ७,२९० | ९६ | ० |
| **जम्मा** | **५३८,६०४** | **३१५,०२६** | **८५३,६३०** | | |

जम्मा बाँकी ऋण रकम मध्ये रु. आठ करोड तथा रु.१ करोड ५० लाख डिमाण्ड शीर्षक अन्तर्गतको ऋण भएको हुँदा प्रत्यक वर्ष नवकरण गर्दै जानु पर्ने भएको हुँदा सर्वसाधारण शेयर निष्काशन पछि प्राप्त भएको रकम सोही ऋण चुक्ता गर्नको लागि उपयोग गरिनेछ ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क. **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

ख. **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

ग. **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिकवा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :** सो नभएको ।

घ. **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशन गर्न लागिएको धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको हुँदा त्यहाँ सम्पर्क गर्न सकिनेछ । कुनै पनि लगानीकर्ताले यस निष्काशन सम्बन्धी बिषयमा कुनै गुनासो वा सुझावका लागी सम्पर्क अधिकारी प्रमुख मर्चेण्ट बैंकिङ्ग श्री दामोदर रायमाझीलाई निजकै कार्यालयमा वा निजलाइ कार्यालय समय भित्र ०१-५७०५९९४ (एक्स. २०५) मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र निष्काशन गरेको छैन र यो साधारण शेयर निष्काशन सर्वसाधारणका लागि मात्र हो ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**क. विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** यस विवरण पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमानहरु तथा आधारहरु गत आ.व. हरुको लेखा परिक्षण भइसकेका वित्तीय विवरणहरु, विद्युत बिक्री सम्झौता, आयोजना समाप्तिको

अवधि तथा सोको लागत, आयोजनाका लागि ऋण लिने सम्बन्धमा भएको सम्झौता एवं हालको जलविद्युत बजारको स्थिति, कम्पनीको हालको दक्षता र कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने चार्टर्ड एकाउण्टेण्ट संस्था श्रेष्ठ एण्ड एसोसिएट्सबाट प्रमाणित भएको छ ।

**ख. गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारणः**

गत तीन आर्थिक वर्षमा सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | संचालकहरुको नाम | पद | संचालकमा बहाल रहेको अवधि | | परिवर्तनको कारण |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | पुष्कर ढुङ्गेल | संचालक | २०६९/१०/२८ | २०७६/०६/०९ | व्यक्तिगत |
| २ | राम चन्द्र कार्की | संचालक | २०६९/१०/२८ | २०७९/०६/२५ | घरायसी |

**गत तीन आर्थिक वर्षमा लेखापरीक्षकमा भएको परिवर्तन र सोका कारणहरु :**

गत तीन आर्थिक वर्षमा लेखापरीक्षकमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | लेखापरीक्षकको प्रतिनिधित्व गरिएको संस्था | बहाल रहेको अवधि | | परिवर्तनको कारण |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | श्रेष्ठ एस एण्ड एसोसिएट्स | २०७५ | २०७६ | |
| २ | श्रेष्ठ एस एण्ड एसोसिएट्स | २०७६ | २०७७ | |
| ३ | अभीन राज भण्डारी एण्ड एसोसियट्स | २०७७ | २०७८ | तीन वर्ष भएकाले |

**ग.कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : सरोज दाहाल

ठेगाना : कौशलटार, भक्तपुर ।

योग्यता : वि.एल, एम ए ।

**घ. सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समिति बाट भएको निर्णय सम्बन्धी विवरणः**

कम्पनीले स्वीकृत प्रवन्धपत्रको दफा छ बमोजिम कम्पनीको जारी पूँजीको ३० प्रतिशत शेयर उद्योग प्रभावित क्षेत्र का स्थानीय बासिन्दाहरु र सर्वसाधारणको लागि छुट्ट्याएको । जस मध्ये जारी पूँजीको १० प्रतिशत अर्थात रु. ५,४४,०५,३००/- (अक्षरेपी पाँच करोड चौवलिस लाख पाच्च हजार तिन सय मात्र) रकम बराबरको रु./अंकित दरका कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई र जारी पूँजीको २० प्रतशित शेयर अर्थात रु. १०,८८,१०,७००/- (अक्षरेपी दश करोड अठासी लाख दश हजार सात सय मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १०,८८,१०७ कित्ता शेयर सर्वसाधारणको लागि विक्री गर्न छुट्टयाएको छ । उक्त शेयर निष्काशन प्रयोजानार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत यो सँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृयाको लागि मिति २०७७/०९/२९ गते बसेको आ.व. २०७५।७६ को साधारण सभाले सर्वसाधारणमा प्रारम्भिक शेयर निष्काशन गर्ने निर्णय गऱ्यो । उक्त शेयरहरु निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड मार्फत गराउने निर्णय गरेको छ ।

**ङ. संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरणः**

यो आयोजनाबाट प्राप्त हुने आयमा कम्पनीलाई पहिलो १० वर्षसम्म शत प्रतिशत आयकर छुट तथा सो पश्चात् ५ वर्ष को लागि पचास प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

च. **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ ।

(क) कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालयल नयाँ बानेश्वर -१०, काठमाण्डौ ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ ।

**छ. बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**ज. शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा कम्पनीले निष्काशन गरिएको आफ्नो जारी पूँजी रु.५४,४०,५३,४००/- (अक्षरेपी चौवन्न करोड चालिस लाख त्रिपन्न हजार चार सय मात्र) को ३०% अर्थात् १६,३२,१६० कित्ता साधारण शेयर सर्वसाधारणको निष्काशन गरेको शेयर मध्ये जारी पूँजीको १०% अर्थात ५,४४,०५,३००/- (अक्षरेपी पाँच करोड चौवलिस लाख पाँच हजार तिन सय मात्र) रकम बराबरको रु.१०० अंकित दरका ५,४४,०५३ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दाहरुको लागि र जारी पूँजी २०% अर्थात १०,८८,१०७ कित्ता साधारण शेयरको १०% अर्थात रु.१,०८,८१,०७०/- रकम बराबरको रु.१०० अंकित दरका १,०८,८११ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुको निमित्त धितोपत्र दर्ता तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरी बिक्री वितरण गरिने छ। साथै, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु र विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई शेयर बाँडफाँड गरे पश्चात् बाँकी रहने रु.१००/- अंकित दरका ९,०३,१२९ कित्ता शेयर मध्ये २१,७६२ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको २ प्रतिशत) कर्मचारीहरुलाई र ५४,४०५ कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरको ५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित राखिएको छ।

कर्मचारीहरुको लागि यसरी छुट्याइको शेयर कर्मचारीहरुबाट माग भई आएको हकमा संचालक समितिले औचित्यपुर्ण तवरबाट बाँडफाँड गर्ने तथा विदेशमा रोजगारी गरिरहेका नेपालीहरुको लागि छुट्टाइएको शेयर प्रचलित धितोपत्र बाँडफाँड निर्देशिका बमोजिमा बाँडफाँड गरिनेछ। यसरी छुट्टाइएको शेयर सम्बन्धित कर्मचारीहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट सम्पुर्ण शेयर खरिदको लागि आवेदन नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा निष्काशनको समयमा थप गरि बाँडफाँड गरिनेछ।

**झ. कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यावसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। साथै यस वित्तीय संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७७/०७८ सम्मका विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्ष सम्म यस वित्तीय संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ। सो व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१०/२०को पत्रबाट प्राप्त भएको छ।

**ञ. धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आस्वा सदस्य प्राप्त बैंक तथा वित्तीय संस्थाहरुका देश भरी फैलिएर रहेका तोकिएका शाखाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ।

**ट. विवरणपत्र तयार गर्ने व्यवसायीक संस्थाको नाम र ठेगाना सम्बन्धी विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक : एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंमा रहेको छ।

**ठ. सकारात्मक पक्षहरु :**

१)आयोजनाबाट प्राप्तहुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी हुन सक्ने रहेको। यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेशिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको।

२) कम्पनीसँग दक्ष युवाजनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्वल रहेको।

**ड. धितोपत्र सिडिएसमा दर्ता गर्ने सम्बन्धमा :**

नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सर्वसाधारणमा निष्काशन भई बाँडफाँट भए पश्चात् सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई बाँडफाँटमा परेको शेयर अभौतिक रुपमा सम्बन्धित शेयरधनीको हितग्राही खातामा उपलब्ध गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्ने व्यवस्था मिलाईने छ।

**ढ.** धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्काशन तथा बिक्री प्रबन्धकको

website:www.nicasiacapital.com, निष्काशनकर्ता कम्पनीको website: www.emergingnep.com तथा नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np मा समेत राख्ने व्यवस्था मिलाइने छ ।

**ण.** धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सोको एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छ ।

**त. शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्थाः**
नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मर्चेण्ट बैंकहरु मध्ये कुनै एकलाई छनौट गरी शेयर रजिष्ट्रार नियुक्ति गरिने छ ।

**थ. धितोपत्र बिक्री खुल्ला अवधिः**
यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिनहुनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी सर्वसाधारणको लागि आवेदनलिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानी कर्ताले समेत आवेदन गर्न पाउने गरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४(चार) कार्य दिनभन्दा अगाडी शेयर खरिदको लागि आवेदनलिने कार्य बन्द गरिने छैन ।

**द.क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः**
यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई मिति २०७९/१०/१० गते "[ICRANP-IR]B-"[Pronounced as ICRA NP issuer rating B Minus] रेटिङ्ग प्राप्त गरेको छ र उक्त रेटिङ्ग मिति २०८०/१०/०९ सम्म वहाल रहनेछ । "[ICRANP-IR]B-" ले कम्पनीको वित्तिय दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (High risk of default regarding timely servicing of financial obligations) रहेको जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP-IR] AAA ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा कम जोखिम अर्थात् उच्च सुरक्षित रहेको आधार जनाउंछ र [ICRANP-IR] D ले वित्तीय दायित्व वहन गर्ने क्षमतामा सबैभन्दा बढी जोखिम रहको जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] B+ को स्थिती [ICRANP -IR] B- भन्दा एक चिन्ह माथि रहन्छ ।

**ध. धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**
**(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरिसकेको** : नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०६५/११/०५ मा नेपाल सरकार कम्पनि रजिष्ट्रारको कार्यालयमा **भूगोल इनर्जि डेभलप्मेन्ट कम्पनी को नाममा प्राइभेट लिमिटेड कम्पनिको रुपमा दर्ता भई** कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागित ।बिस्तार गर्ने हेतुले **मिति २०७४/०६/२० मा पव्लिक लिमिटेड कम्पनिमा परिणत** भई **भूगोल इनर्जि डेभलप्मेन्ट कम्पनी** लिमिटडको नाममा २०७४/०७/१४ देखि कारोबार संचाल नगर्दै आएको कम्पनी हो । साथै हाल उक्त आयोजना निर्माण कार्य सम्पन्न भई विद्युत उत्पादन गरिरहेको छ ।

(२) **नियमानुसार लेखापरीक्षक तथा साधारण सभा सम्पन्न गरेको** : यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०७८/०९/३० गते सम्पन्न भएको वार्षिक साधारण सभाबाट आ.व. २०७८/०७९ को लेखापरीक्षण गर्न अनुमोदन भएको श्रेष्ठ एस एण्ड एसोसियटस् चार्टर्ड एकाउण्टेण्ट लाई नियुक्ती गरिएकोमा नीजले लेखापरीक्षण गर्न नभ्याउने भनि निवेदन प्राप्त भए बमोजिम उक्त ठाउमा दिपेन्द्र एण्ड एसोसियटस् चार्टर्ड एकाउण्टेण्ट लाई नियुक्ती गरी आ.व. २०७८/०७९ को लेखापरीक्षण गर्नु भएको थियो ।

**(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिन पर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** द्वारी खोला जलविद्युत आयोजना (३.७५ मे.वा.) को

मिति २०७१/०३/०४ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र वि.वि.वि.०७०/७१ वि.उ. १२४) प्राप्तभएको हो र उक्त अनुमतिपत्र मिति २१०६/०२/२५ गते सम्म बहाल रहनेछ ।

**यस कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कामकारबाही अगाडि बडाउने सम्दर्भमा विद्युत खरिद सम्झौता लगायत हालसम्म भए गरेको सम्बन्धित पक्ष बीच भएको सम्झौता सम्बन्धी विवरणहरु ।**

| क सं | सम्झौता गरिएको निकाय/संस्थाहरु | सम्झौता भएको मिति | सम्झौताको विषय | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | २०६९/१२/३० | विद्युत खरीद बिक्री सम्बन्धी | २०९९/१२/२९ |

| क सं | नियमन/निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृत/अनुमति/इजाजत | स्वीकृत/अनुमति/इजाजतको विषयवस्तु | इजाजत प्राप्त मिति | बहाल रहने अवधि |
|---|---|---|---|---|
| १ | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता (प्राइभेट लिमिटेड) | २०६५/११/०५ | लागु नहुने |
| २ | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता (पब्लिक लिमिटेड) | २०७४/०७/१४ | लागु नहुने |
| ३ | नेपाल सरकार उर्जा, मन्त्रालय विद्युत विकास विभाग | विद्युत उत्पादनको अनुमति | २०७१/०२/२६ | २१०६/०२/२५ |
| ४ | नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय | कारोबार स्वीकृती | - | लागु नहुने |
| ५ | नेपाल विद्युत प्राधिकरण | व्यापारिक उत्पाद सुरु | - | लागु नहुने |
| ६ | विद्युत नियमन आयोग | शेयर सार्वजनिक निष्काशन गर्न पूर्व स्वीकृतीं | २०७९/०१/२६ | लागु नहुने |

**कम्पनीको हालसम्म प्रबन्ध पत्र नियमावलीमा भएको संशोधन सम्बन्धी विवरण**

| विवरण | संशोधित दफा नं. | संशोधनको विषय | संशोधन स्वीकृत भएको संचालक समितिको निर्णय नं. तथा निर्णय भएको मिति | संशोधन स्वीकृत गर्ने साधारण सभाको मिति | संशोधन नियमन निकाय/कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति |
|---|---|---|---|---|---|
| प्रवन्धपत्रमा हालसम्म भएको संशोधन | २०६३ को दफा ३१ | पूँजीको संरचना | २०७७/०९/०२ | २०७७/०९/२९ | २०७८/०९/०२ |

**(४) संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :**

कम्पनीले आयोजना निर्माणका लागि आवश्यक निजी जग्गा खरीद गरिएको सकेको छ । हाल उक्त आयोजना निर्माण सम्पन्न भई नियमित रुपमा विद्युत उत्पादन गरिरहेको छ ।

**(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमो :** यस आयोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपूर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार सामानको प्राप्ति समेत भई आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भैसकेको । हाल उक्त आयोजनाबाट विद्युत उत्पादन भई नियमित रुपमा विद्युत बिक्री गर्दै आइरहेको ।

**(६) धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशन तथा बिक्री प्रवन्धकसंगको सम्झौता :** धितोपत्रको आयोजना प्रभावित स्थानियवासी तथा सर्वसाधारणको लागी सार्वजनिक निष्काशन सम्वन्धमा निष्काशनकर्ता भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड तथा बिक्री प्रवन्धक एन आई सी एशिया क्यापटिल लिमिटेड सँग मिति २०७८/०७/२६ गते द्विपक्षिय सम्झौता सम्पन्न भएको थियो ।

**(७) आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको** : यस कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

**(८) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको** : संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु. ३८,०८,३७,४००/- (अक्षरेपी अठतीस करोड आठ लाख सैतीस हजार चार सय मात्र) शत प्रतिशत चुक्ता भैसकेको ।

**(९) आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको :** यस कम्पनीले निर्माण गर्दै आइरहेको आयोजना निर्माणका लागि. एन एम बी.बैंक लिमिटेड (प्रमुख) सँग मिति २०१४/०४/०४ गतेका दिन ऋण सम्झौता भएको र हाल आयोजनाले व्यवसायीक उत्पादन गरिरहेको ।

**(१०) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :** यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०६९ चैत ३० मा विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधार निर्माण कार्य सम्पन्न गरी व्यवयायीक उत्पादन गरिहेको ।

**(११) सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको:** यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रभु क्यापिटल लि., काठमाण्डौंसँग सम्झौता गरी प्रत्याभुति गराएको । प्रत्याभूतिकर्ताले १६,३२,१६० कित्ता साधारण शेयरको रु १६,३२,१६,०००/- सत प्रतिशत अर्थात रु.१६,३२,१६,००० रकम बरावरको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।

**ग.२३.सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखतः**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीका सञ्चालकहरुको नाम तथा दस्तखत :

| **क्र.सं.** | **सञ्चालकहरुको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १ | श्री सौरभ अर्ज्याल | अध्यक्ष | |
| २ | श्री संगिता शर्मा | सञ्चालक | |
| ३ | श्री राजेन्द्र प्रसाद गौतम | सञ्चालक | |
| ४ | श्री सन्तन कुमार अर्ज्याल | सञ्चालक | |
| ५ | श्री रन्जन कुमार शर्मा | सञ्चालक | |

**ग.२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः**

**NIC ASIA CAPITAL**

*Your Friend For Prosperity*

OIC

4577

**idea to iPO**
Connecting the dots...

ग.२४. निष्काशन तथा बिक्री प्रवन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

चलानी नं. २१७/२०७८/०७९ मितिः २०७९/०९/११

**श्री नेपाल धितोपत्र बोर्ड,**
**खुमलटार, ललितपुर ।**

**विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।**

**महोदय,**

नयाँ बानेश्वर-१०, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको श्री भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेडले सार्वजनिक निष्कासन गर्न लागेको रु.१००/- अङ्कित दरका १६,३२,१६० कित्ता थान साधारण शेयर निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मन्जुर गर्दछौं । साधारण शेयर निष्कासन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्कासन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीवाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।
४. कम्पनीले निष्कासन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :**
एन आई सी एशिया क्यापीटल लिमिटेडको तर्फबाट

नाम : रमेन्द्र रायमाझी
पद : प्रमुख कार्यकारी अधिकृत
सही : Ramendra

NIC ASIA CAPITAL

कार्यालयको छाप

**NIC ASIA Capital Limited**
3rd Floor, Siddhartha Insurance Complex, Babarmahal, Kathmandu
Tel No: 977-1-5705994, 5705664 PO Box: 19001

ISO 9001 : 2015 Certified Capital

१ नेपाली

## ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्रः

**Kandel & Associates**
Chartered Accountants

ICAN Regd. No: 678
Pan No: 104829253
COP Number: 775

### REPORT ON EXAMINATION OF PROJECTED FINANCIAL STATEMENTS OF BHUGOL ENERGY DEVELOPMENT COMPANY LIMITED

**Report on the Financial Statements**

We have reviewed the projected financial statements on **M/S Bhugol Energy Development Company Limited** in the accordance with the Nepal Standard on Assurance Engagements 3400 applicable to the examination of prospective financial information for the Financials years 2077-78, 2078-79, 2079-80 to 2083-84.

**Opinion**

In our opinion and to the best of our information and according to the explanations given to us, except for the matter described in the basis for option section of our report, the accompanying projected financial statements present fairly, in all material respects and assumptions taken for projection, the financial position of the company of mentioned periods and each financial performance and its cash flow for the year then ended.

**Basis for opinion**

Our responsibility under those standards is further described in the "Auditor's Responsibilities for the audit of the Financial Statement" section of our report. We are independent of the company in accordance with the ethical requirements that are relevant to our audit of the financial statement, and we have fulfilled our ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate evidence to provide a basis for our opinion.

**Responsibilities of Management for the Financial Statements**

Management is responsible for the preparation and presentation of projections including the assumptions set out in **Note A** on which it is based. This projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

**Auditor's responsibilities**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error and to issue an Auditor's Report that includes our opinion.

Kandel & Associates
Kathmandu
Chartered Accountants

Madhavi Tower, 4th Floor, Putalisadak, Kathmandu, Nepal,

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection, assuming the facts as set out in **NOTE A**.

Further, in our opinion the projection is properly prepared based on the assumptions and estimates applicable to the entity. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

**Emphasis of Matter: Restriction on Distribution & Use**

We draw attention this projected financial statements are prepared as per the requirement to issue equity shares. As a result, our report and the attached projected financials may not be suitable for another purpose other than for the purpose of complying the norms of issuing shares. Our report is intended solely for the purpose of issuing shares as mentioned above and should not be used other than mentioned. Our opinion is not modified in respect of this matter.

**For Kandel & Associates**

Chartered Accountants

Kandel & Associates Kathmandu Chartered Accountants

CA Narayan Kandel

(Proprietor)

Date: 2022-12-07

UDIN: 221221CA01065leDWc

Place: Kathmandu, Nepal